रामपुर नगरपालिकाको नवौं नगरसभामा
नगर प्रमुख श्री रमण बहादुर थापाद्वारा

प्रस्तुत

आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम

रामपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, रामपुर, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल।
नगरसभामा पेश भएको मितिः २०७८ असार ०७ गते
नगरसभाबाट पारित मितिः २०७८ असार ०७ गते

"नीति तथा कार्यक्रम, २०७८/७९"

नगर उपप्रमुख तथा सभाका सदस्य ज्यूहरु

यस सम्मानित नगर सभामा आर्थिक वर्ष २०७८/०७९ को वार्षिक बजेट तथा कार्यक्रम निर्माण गर्ने पृष्ठभूमिमा सभामा उपस्थित भइरहँदा सो को पूर्वशर्तका रुपमा रहेको यस रामपुर नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम पारित गर्नु पर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को आधारमा उल्लेखित नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु।

यस अवसरमा सर्वप्रथम, मुलुकमा संघीय लोकतान्त्रिक गणन्त्रात्मक राजनीतिक व्यवस्था स्थापना गर्नका खातिर विभिन्न चरणका सशस्त्र संघर्ष र शान्तिपूर्ण जनआन्दोलनहरुमा शाहदत प्राप्त गर्नु हुने आदरणीय अमर शहीद सूर्य प्रसाद घिमिरे लगायत सम्पूर्ण ज्ञात अज्ञात शहीद प्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु।

संघर्षको दौरानमा घाईते भई हालसम्म कष्टपूर्ण अपाङ्गता जीवन भोगीरहनु भएका योद्धाहरु प्रति सु-स्वास्थ्यको कामना सहित हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु।

हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) का कारण देशभर र देश बाहिर ज्यान गुमाउनु हुने नेपालीहरु प्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु। कोभिड-१९ को संक्रमणमा परी उपचाररत सबैको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै कोभिड-१९ लाई पराजित गरी घर फर्कनु हुने सबैलाई बधाई तथा शुभकामना व्यक्त गर्दछु।

कोभिड-१९ को यस महामारीको विषम परिस्थितीमा अग्रभागमा रहेर सेवा गरिरहेका चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सरसफाईकर्मी, एम्बुलेन्स चालक तथा महामारी रोकथाममा खटिनु भएका सम्पूर्ण कर्मचारीहरुको उच्च प्रशंसा गर्दछु। अहिले देश समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षाका साथ विकास उन्नति र समृद्धिको अग्रगामी अभियानमा अग्रसर भएको र गतिशील रहेको सन्दर्भमा स्थायी शान्ति, स्थीरता, सुशासन र दिगो विकासका प्रतिफल जनसमक्ष प्रस्तुत गर्ने जिम्मेवारी हाम्रो काधमा आएको यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु।

रामपुर नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हाम्रो भूगोल, सामाजिक पृष्ठभूमि, विकासप्रतिको धारणा र संस्कृति, कानुनी व्यवस्था र राज्यको पुनरसंरचनाको प्रारम्भिक अभ्यास आदिका कारण जनअपेक्षा र हाम्रो चाहना समेत नीति तथा कार्यक्रमा सम्पूर्ण रुपमा समावेश गराउने प्रयत्न पूर्ण नहुन सक्छ। यद्यपि, हाम्रो संरचनागत, कानुनी र आर्थिक अवस्था आधारमा यस रामपुर नगरपालिकाको बिषयगत समितिहरु, बजेट तथा योजना तर्जुमा समितिको सिफारिसका आधारमा नगरपालिकाको नीति तथा कार्यक्रम यस सम्मानित सभाबाट छलफलका लागि पेश गर्ने अनुमति चाहन्छु।

प्रस्तुत नीति तथा कार्यक्रममा अधिकांश प्रतिवद्धताहरु गत आर्थिक वर्षमा यसै सम्मानित सभाबाट पारित नीति तथा कार्यक्रमको निरन्तरतामा रहेको अवगत गराउन चाहन्छु। केही कुराहरु बदलिँदो परिस्थिति समेतलाई मध्यनजर गरि उपयुक्तताका आधारमा पेश गरिएको व्यहोरा समेत म यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु। नेपालको राज्य पुनःसंरचना पछि सम्पन्न भएको पहिलो चरणको स्थानीय तहको निर्वाचन पश्चात् रामपुर नगरपालिकाका तर्फबाट नवौ नगर सभामा हालसम्म नीति, तथा कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय नगरसभामा सम्बोधनका लागि उपस्थित हुन पाउँदा गौरव महसु गरेको छु। नेपालको संघीय संरचना अन्तर्गत जनतासँग प्रत्यक्ष र नजिकबाट सरोकार राख्ने स्थानिय तहको महत्व, भावना र सार्थकता सम्पूर्ण सर्वसाधारणमा समेत बोध गराउने यो सुखद समयलाई स्मरण गर्न चाहन्छु।

- यतिबेला कोभिड-१९ को महामारीले हाम्रा सम्पूर्ण काम कारबाहिहरु प्रभावित भएका छन्। कोभिड-१९ विरुद्धका संघर्ष र लडाई प्रमुख बनेको छ। जनताको जीवन रक्षा गर्नु हाम्रो पहिलो कर्तव्य बनेको छ। संक्रमण दैनिक बढिरहेको छ। तर हामी शुरुबाटै पूर्वतयारी र योजनाका साथ कृयाशील रहेकोले कोरोना भाइरसको रोकथाम, नियन्त्रण र उपचारमा चुस्त व्यवस्थापनलाई पराजित गर्न सबै एकढिक्का भई कोभिड-१९ परास्त गर्न लागि परिरहेका छौ। म कोरोना भाइसर विरुद्धको अभियानमा मानव जीवन रक्षाका लागि उभिन सबैलाई आव्हान गर्दछु।
- कोरोना भाइरसको महामारीद्धारा सिर्जिएको संकटबाट नगरलाई मुक्त बनाउँनु हाम्रो पहिलो दायित्व हुनेछ। हामीले कल्पना नगरेको परिस्थिति सृजना भएको अवस्थामा तत्कालका लागि विकास कार्यक्रमका प्रथामिकताहरुमा केही फेरबदल गर्नुपर्ने बाध्यकारी परिस्थिति सृजना भएको छ। अतः आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि विषयगत रुपमा आधारभूत स्वास्थ्य नगरको पहिलो प्राथामिकतामा परेको छ। विदेशमा आफ्नो रोजगारी गुमाएर घर फर्किएका युवाहरुका लागि उत्पादनशिल कार्यमा लगाउनका लागि कृषि तथा उद्यम व्यवस्थापन गरी आयआर्जन तथा रोजगार प्रर्वद्धनका लागि उच्च प्रथिमकता दिइएको छ।
- कृषि, पर्यटन, व्यापार, जलस्रोत र खानीको प्रचुर सम्भावना बोकेको यो सुन्दर उपत्याका स्रोत र साधनको सु-व्यवस्थित उपयोगले रामपुरबासीको सम्वृद्धि र जीवनमा सकारात्मक परिवर्तन ल्याउन तथा नगरपालिकाको सेवा प्रवाहमा विशिष्टता ल्याउने गरी नीति तथा कार्यक्रम तय गर्न यो नगरसभा सफल हुने विश्वास लिएको छु।
- कोभिड-१९ को महामारीले खडा गरेको चुनौती र त्यससंग जोडिएर आएका असरहरुलाई समेत ध्यानमा राखी भविष्यमा आईपर्ने सम्भावित महामारीहरुसँग योजनाबद्ध रुपमा जुध्नका

लागि चालु आ.व.मा प्रकोप व्यवस्थापन विशेष कोषका लागि १ करोड बरावरको रकमको व्यवस्थापन गरेकोमा आगामी आ.व २०७८/०७९ का लागि रु १ करोड प्रारम्भिक बजेट विनियोजन गरेको छु। उक्त कोषमा नगर तथा देश विदेशमा रहनु भएका हितैषी, सुभेभ्छुक तथा विकास साझेदारहरुबाट समेत सहयोग प्राप्त गर्न पहल गरिनेछ।

- यस विषम परिस्थितीमा देश भित्र र बाहिरबाट सहयोग गर्नु हुने व्यक्ति तथा संघ तथा संस्थाहरु प्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु।
- बन्दाबन्दीका अवस्थामा औषधी, खाद्यबस्तु लगायत उत्पादकमुलक उपभोग्य बस्तुहरुको सहज आपूर्ति हुने व्यवसथा मिलाउन संघीय तथा प्रदेश सरकार सँग समन्वयात्मक प्रयत्न गरिने छ। बन्दाबन्दीबाट प्रभावित गरीब, असाहय तथा विपन्न परिवार दैनिक कमाई जीवनयापन गर्ने व्यक्ति तथा बन्दाबन्दी र कोभिड-१९ ले निम्त्याएका अन्य कारणले रोजगारी गुमाएका व्यक्तिहरुलाई लक्षित गरी राहत तथा पुनर्स्थापना प्रथामिकता दिइनेछ।

अब म आगामी आ.व २०७८/०७९ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा लिईएका प्रमुख नीतिगत आधार र मुख्य मार्गदर्शनका बारेमा जानकारी गराउँन चाहन्छु।

- नेपालको संविधानले निर्देशित गरेको स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सम्बन्धी विषय तथा प्रथामिकताहरु।
- संघीय र प्रदेश सरकारले जारी गरेको नीति, कानुन तथा मापदण्डहरु।
- वडाहरुबाट आएका सुझाब तथा कार्यक्रमहरु।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नीतिगत व्यवस्था र प्राथामिकता आधारहरु
- राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोग ऐन, २०७४ को नीतिगत व्यवस्था र प्राथामिकता तथा भौगोलिक तथा क्षेत्रागत सन्तुलनका आधारहरु।
- अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ ले गरेको नीतिगत व्यवस्था।
- स्थानीय तहको वार्षिक योजना बजेट तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ ले निर्दिष्ट गरेको वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु।
- संघीय सरकार र प्रदेश तहबाट प्राप्त अन्य मार्गदर्शन एंव निर्देशन तथा सुझाबहरु।
- पन्ध्रौ संघीय योजनाले निर्दिष्ट गरेका लक्षय एंव उद्देश्यहरु।
- जनतासँग मत माग्दा व्यक्त गरेका प्रतिवद्धता पत्र तथा समय समयमा गरिएका वचनबद्धताहरु।
- मानवीय समृद्धि तथा सुखी जीवनका निमित्त संयुक्त राष्ट्र संघले निर्दिष्ट गरेका दीगो विकासका लक्षहरु।
- नगरपालिकाको आन्तरिक स्रोत र साधन तथा यसको सम्भाव्यता र चुनौतिहरु।

यस गरिमामय सभामा नगरपालिकाको तर्फबाट नगरको सम्पूर्ण विकासको लागि मार्गदर्शनक रुपमा रहने आगामी आ.व. २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रमको तर्जुमामा नगरपालिकाको प्रयासहरुमा हरदम साथ र सहयोग गर्नुहुने कार्यपालिकाका सदस्यज्यूहरु, नगरसभाका सम्पूर्ण सदस्यहरु, राजनैतिक दलहरु तथा नागरिक समाज, सरकारी तथा गैरसरकारी निकायहरु, सञ्चार जगत्, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु एंव रामपुर नगरबासी सम्पूर्ण आदरणीय आमा-बुबा, दाजु-भाई तथा दिदी-बहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दछु।

आगामी आ.व. २०७८/०७९ को नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।
नगर उपप्रमुख तथा सभाका सदस्य ज्यूहरु

१. पूर्वाधार विकास तर्फ

क) सडक तथा पुल

- नगरको समग्र विकास गर्न नगरका योजना, कार्यक्रम, र संरचनाहरु वालमैत्री, अपांगमैत्री जेष्ठ नागरिकमैत्री, लैङ्गिकमैत्री र वातावरणमैत्री बनाइनेछ।
- नगरपालिका क्षेत्रभित्र निर्माण हुने सडकहरुमा ड्रेन निर्माण गर्न प्रोत्साहित गरिनेछ र ड्रेन निर्माण सम्पन्न सडकलाई पहिलो प्राथमिकतामा राखी कालोपत्रे गर्ने नीति लिइनेछ। अन्य ग्रामिण सडकहरुमा पनि ग्राभेल गरी स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।
- प्रत्येक वडामा एक गौरवको योजना निर्माण गरि उक्त योजनाले अरु वडाहरुमा पनि प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव देखिने गरि नगरस्तरीय वडा गौरवको आयोजनामा कम्तिमा १२,००,०००/- (अक्षरुपी बाह्र लाख) भन्दा घटि रकम विनियोजन नगर्ने नीति ल्याईनेछ।
- अन्तरपालिकालाई जोड्ने सडकहरुको DPR तयार गरी सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ। साथै अन्तरपालिका साझेदारी कार्यक्रम अवलम्वन गरिनेछ।
- जब्गादी-रातामाटा मोटरबाटोको स्तरोन्नति गर्नको लागि तयार भएको DPR को आधारमा प्रदेश सरकार र संघीय सरकारसँग बजेट माग गर्ने र स्थानीय तहबाट आवश्यकता अनुसार मर्मत सम्भार गरिनेछ।
- नगरसभामा समावेश नभएका वा अन्य आवश्यक योजनाहरुको कार्यान्वयनका लागी **"जनताको अपेक्षा मेयरको सुभेच्छा"** कार्यक्रममा समावेश गरि नगर प्रमुखको निर्णय अनुसार कार्यान्वयन गरिनेछ।
- वस्ती तथा टोलको पहिचान तथा वडा समितिको प्राथमिकतामा सिफारिश भएका वडास्तरीय योजनाहरु कार्यान्वयनार्थ आगामी आ.व. ०७८/०७९ मा आवश्यकता अनुसार बजेट उपलव्ध गराइनेछ । साथै आगामी वर्षमा वडा लाई जनसंख्या, भूगोल, कार्यसम्पादन तथा आन्तरिक

आय समेतको मूल्याङ्कनको आधारमा थप रकमको वजेट सिलिङ समेत उपलव्ध गराइनेछ। उपलव्ध अनुदानबाट सामाजिक विकास (वालवालिका, ज्येष्ठ नागरिक एवं लक्षित समूह) तर्फ उपयुक्त रकम विनियोजन गरिनेछ।

- भौतिक पूर्वाधार तर्फ पाँच लाख भन्दा कम योजना तथा कार्यक्रम तर्फ ५०% भन्दा कम नहुने गरि रकम विनियोजन गर्ने । दिगो विकासका लागि नागरिक सहभागिता अभिवृद्धि गर्न प्रत्येक योजनाहरुमा जनश्रमदान तथा लागत सहभागितालाई अनिवार्य लागू गरिनेछ।
- सडक बत्ती साझेदारी कार्यक्रम अन्तर्गत नगरपालिकालाई सधैं उज्यालो बनाउन सडक बत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिनुका साथै सोलार प्रणाली विस्तारका लागि बैकल्पिक ऊर्जा केन्द्र तथा अन्य सरोकारवाला निकायको सहकार्यमा अगाडि बढाईनेछ।
- नगरपालिकाबाट सञ्चालन हुने पूर्वाधार निर्माणका कार्यक्रमहरुको गुणस्तर कायम गर्न अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन कार्य व्यवस्थित गरिने। त्यसैगरी योजनाको अन्तिम भुक्तानी गर्नु पूर्व सार्वजनिक परीक्षण तथा वडास्तरीय योजनामा सम्बन्धित
- वडा अनुगमन समिति तथा वडा कार्यालयको सिफारिश वा नगरस्तरीय अनुगमन समितिको सिफारिस वा दुवै प्रक्रिया विना भुक्तानी गरिने छैन। यसका लागि अनुगमन समितिलाई अझ सक्रिय बनाईनेछ।
- नगरपालिकाबाट भौतिक पूर्वाधार निर्माणका योजना ठेक्का प्रक्रियाबाट सञ्चालन गर्दा बोलपत्र सम्बन्धी खरिद कार्यलाई पारदर्शी, प्रतिस्पर्धात्मक र समान अवसर सृजना गर्न विगत देखि लागू गरिएको इ—विडिङ्ग (E-bidding) बाट खरिद गर्ने नीतिलाई अवलम्वन गरिनेछ।
- नगर क्षेत्र भित्र तथा बाहिरका सडकलाई यातायात विस्तार गर्दा पानीका श्रोत, वनजंगल, प्राकृतिक स्रोत तथा धार्मिक क्षेत्र विस्थापित नहुने गरी यातायातको सुविधा पुऱ्याउन नगर यातायात गुरुयोजना (MTMP) तयार गरी सडक निर्माण तथा विस्तार गरिनेछ।
- निर्माण सामाग्री/निर्माण कार्य परीक्षण प्रयोगशाला स्थापना गरी विकास निर्माण कार्यको प्रभावकारी गुणस्तर मूल्याङ्कन गरिनेछ।
- कालीगण्डकी उपत्यकाका सबै स्थानीय तह सँग सहकार्य गरी उपत्यकाको एकिकृत विकासमा हातेमालो गर्ने कार्यलाई अगाडि बढाईनेछ। कालीगण्डकी उपत्यका विकास संयुक्त कार्यदललाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- रामपुर-५ सिमलघारीमा रहेको नगर बसपार्कलाई प्राथामिकतामा राखी व्यवस्थित गर्दै जाने र यसै आ.व. मा बजेटको व्यवस्था मिलाईने छ साथै वसपार्कलाई नियम प्रक्रिया अपनाई ठेक्कामा लगाईने नीति अबलम्बन गरिनेछ।

- सडकमा चाप कम गर्न तथा नगरको यातायात तथा पर्यटन क्षेत्रमा योगदान गर्ने गरी कालीगण्डकी करिडोर निर्माण कार्यलाई विगतका आ.वहरुमा जस्तै आवश्यक सहयोग गरी निर्माण कार्यलाई सहयोग गरिनेछ।
- कालीगण्डकी कोरिडोर लगायतका सडकमा यात्रु प्रतिक्षालय तथा यातायात विश्रामस्थल र सार्वजनिक शौचालय तथा खाजाघर निर्माणको योजना बनाइ रिफ्रेसमेन्ट केन्द्रका रुपमा विकास गरिनेछ।
- २०७२ साल भन्दा अगाडि रामपुर नगरपालिकाको बजार क्षेत्र भित्र सागुरो गल्ली/बाटोमा बनेका घरहरुलाई पनि बाटो सार्वजनिक गरी नियमानुसार अभिलेखिकरण गर्दै लगिनेछ।
- नगरपालिकाको सुव्यवस्थित विकासको लागि आर्थिक सामाजिक, भौतिक, शैक्षिक, ऐतिहासिक पर्यटकीय लगायतका क्षेत्रहरुलाई समेटेर चक्रपथको निर्माण गर्ने कार्यलाई तिव्रताका साथ अगाडि बढाईने छ।
- नगरपालिका भित्रका सबै वडा कार्यालयसम्म बाह्रै महिना निर्वाध रुपमा सडक सञ्चालन गर्न बजेटको व्यवस्था गरी कार्य अगाडि बढाईने छ र सबै मोटरेवल सडकलाई दुई लेनको बनाईनेछ। पहिले निर्माण भई संचालनमा रहेको ३ मिटर चौडाई भन्दा सागुरा सडकहरुमा हल्का सवारी साधनहरुलाई मात्र अनुमति दिइने छ।
- सडकको क्षेत्राधिकार भित्रका अनअधिकृत घर टहराहरु हटाउने र दुर्घटना मुक्त क्षेत्रको रुपमा विकास गर्ने नीतिलाई अवलम्वन गरिने छ। साथै Dedicated Line निर्माण गर्न आवश्यक व्यवस्था मिलाईने छ।
- पाँच वर्षे सडक रणनीतिक योजना तयार गरी नगर क्षेत्र भित्रका सडकहरुलाई सुदृढीकरण तथा स्तरोन्नति गर्दै कालोपत्रे गर्न जोड दिईदै लगिने छ।
- सडकको दायाँ बायाँ हरियाली प्रवर्द्धन गरी हरित शहरको रुपमा विकास गरिने छ।
- नगरक्षेत्र भित्र सञ्चालनमा रहेका भाडाका सवारी साधनलाई व्यवस्थित गरी विद्युतीय सवारी साधन सञ्चालनमा जोड दिईनेछ। शहरलाई व्यवस्थित तथा अनुशासित बनाउनका लागि थप संख्यामा नगर प्रहरीको नियुक्ति र परिचालन गरी आवश्यक कार्य अगाडि वढाईने छ र सो का लागि यसै आ.वमा बजेटको व्यवस्था गरिने छ।
- प्रत्येक वडाका सडक, खानेपानी, सिञ्चाई र फोहोर व्यवस्थापन गर्न योजना बैंक निर्माण गरी कार्यान्वयन गरिनेछ।
- नगरपालिका भित्रका सबै वडामा एउटै प्रणालीको विद्युत उपलव्ध गराउन र पूर्ण रुपमा लोडसेडिङ्ग हटाउन पहल गरिने छ ।

- वैकल्पिक उर्जाको रुपमा सौर्य उर्जा, शून्य फोहोर मैलाको रुपमा बाँयो ग्याँसको विकास गरिने छ।
- पुरानो बजारहरुलाई क्रमशः सुधार गरी सडक चौडाई गर्ने, ढल तथा नालाको व्यवस्था गर्दै प्रयोगमा ल्याइने छ।
- नयाँ बजार र नयाँ वस्ती विकासका लागि योजनावद्ध विकास गरिने छ। Land Pooling को माध्यमबाट व्यवस्थित बजार र वस्तीको विकास गर्ने नीति अवलम्वन गर्दै लगिने छ।
- नगरको सबै वडाहरुमा ठूला योजनाहरु सडक, खानेपानी, सिंचाई एवं अन्य पूर्वाधार निर्माणमा DPR निर्माण गरि व्यवस्थित रुपमा कार्य गरिने छ। नगरभित्रका पूर्वाधार निर्माण गर्दा साना, मझौला र वृहत योजना गरी तीन तहमा वर्गीकरण गरी कार्यान्वयन गर्ने नीति लिईने छ। साथै साना तथा मझौला योजनाहरु नगरपालिका आफै वा प्रदेश सरकार संगको समन्वयमा कार्यान्वयन गरिने र वृहत योजनहरु प्रदेश वा संघीय सरकारको सहयोग वा समन्वयमा कार्यान्वयन गर्ने नीति अगाडी बढाइने छ।
- सानातिना भैपरी आउने पूर्वाधार निर्माण गर्नका लागि कूल पूजींगत बजेटको वडागत योजनाका लागि कम्तिमा ५ प्रतिशत र नगरगत योजनाका लागि १० प्रतिशत बजेट मर्मत सम्भार कोषमा विनियोजन गरिने छ।
- नगरभित्रका क्षेत्र भित्र अवेवस्तित विद्युत, टेलिफोन, इन्टरनेट आदिको पोलका तारहरुलाई व्यवस्थित गराउन अण्डरग्राउण्ड Transmission Line को व्यवस्था मिलाउदै लगिने छ।
- नगर यातायात र नगर ग्रामीण यातायातलाई व्यवस्थित र सुरक्षित बनाईदै लगिने छ। मापदण्ड तोकि रुट परमिटको व्यवस्था गरिनेछ स्मार्ट यातायातको व्यवस्था मिलाईने छ।
- सडकमा जथाभावी पार्किङ निषेध गरी व्यवस्थित पार्किङ गराईनेछ साथै ट्राफिक तथा सडक सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
- आर्थिक वर्ष २०७७/०७८ मा योजना सुचिकृत भई कार्यान्वयन हुन नसकेका योजनाहरुलाई पहिलो प्राथमिकतामा राखी बाँकी नयाँ योजनाहरुलाई Project Bank (P1,P2,P3) को क्रममा निर्धारण गरी कार्यपालिकाको बैठकबाट सोहीका आधारमा छनौट गरी प्राविधिक लागत अनुमान बमोजिम बजेट विनियोजन गरी कार्यान्वयनमा ल्याइने छ।
- वडा कार्यालयको भवन नभएको वडाहरुमा क्रमशः वडा कार्यालय भवनको निर्माणका लागि आवश्यक रकम संघीय तथा प्रदेश सरकारसँग माग गरिनेछ।
- नगर क्षेत्र भित्रका बाटोहरुलाई नयाँ नापी गराई लगत कट्टा गरी सार्वजनिक गर्दै लगिने छ।

- भौतिक पूर्वाधार विकास तर्फका आयोजनामा विपद जोखिम न्यूनिकरण (DRR) पक्षलाई ध्यान दिइ वातावरणमैत्रि र अन्य मानवीय विकासका कार्यक्रमहरुमा लैङ्गिक समानता तथा सामाजिक पक्षलाई ध्यान दिइ बालमैत्री र अपाङ्गमैत्री बनाइने कुराको सुनिश्चिता गर्दै लगिनेछ।
- स्थानीय सडक, ग्रामीण सडक र कृषि सडकलाई स्तरोन्नती गरि कृषि उत्पादन वृद्धि र बजारीकरणमा सहजता बनाउन जोड दिइदै लगिने छ।
- नगर आसपासका क्षेत्रहरुको विकास गरि सेटलाईट सिटी/भिलेजको रुपमा विकास गर्न व्यवस्था मिलाउदै लगिने छ।
- लागत साझेदारी/सहभागितामा योजना कार्यान्वयन गर्ने विधिलाई प्राथमिकता दिईने छ।
- पूर्वाधार निर्माणमा सार्वजनिक निजी साझेदारी (Public Private Partnership) नीति अनुशरण गरी लागू गरिने छ।
- कुनै आयोजना तथा कार्यक्रम दोहोरो पर्न गएमा नगर कार्यपालिकाको बैठकबाट उक्त आयोजना तथा कार्यक्रमहरुलाई संशोधन गरिने छ।
- टेलिफोनको तामाको तारलाई विस्थापित गरी अप्टिकल फाईबरमा जाने नीति लिईने छ।
- विकास निर्माणको कार्यलाई प्रभावकारी कार्यान्वयन गर्न उपभोक्ता समिति र सरोकारवाला सबैलाई तालिमको व्यवस्था गरिनेछ।
- Gravity Flow खानेपानी योजनालाई प्राथमिकतामा राखीनेछ भने यस प्रकार सम्भव नहुने ठाउँमा भौगोलिक अवस्थाको प्राविधिक र आर्थिक मूल्याङ्कन गरि लिफ्टिङ्ग वा अन्य तरिका बाट यसै आ.वमा पूर्वा र स्वस्थ खानेपानी युक्त नगरपालिका बनाइने छ।
- आर्थिक वर्ष २०७८/७९ मा निर्माण तथा सञ्चालन हुने आयोजना तथा पूर्वाधार विकास सम्बन्धी कार्यमा वडाभित्रकै जनशक्ति एवं रोजगार विहिन श्रमिकहरुलाई प्राथामिकता दिई निर्माण सम्पन्न गर्ने नीति अबलम्बन गरिनेछ।
- विकास निर्माणमा सर्वोत्कृष्ट काम गर्ने उपभोक्ता समितिका पदाधिकारीलाई उच्च कदर गर्दै सम्मान गरिनेछ।
- उत्कृष्ट प्रविधिको प्रयोग गर्न प्राविधिकहरुलाई Recent Technology को बारेमा सिपमूलक तालिम दिइनेछ।
- एक वडा एक रंगरोगन प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।
- नगर गौरव र वडा गौरवको योजनाहरुमा बाह्र लाख भन्दा माथी बजेट व्यवस्था गरि एउटै योजनामा खर्च गर्ने व्यवस्था मिलाईनेछ।

- निस्दी खोला र भुलादी खोलाको तल्लो तटमा ड्याम बनाई ताल निर्माण गर्नका लागि आवश्यक पहल गरिनेछ।
- सवारी चापलाई ध्यानमा राखी आवश्यक स्थानमा ट्राफिक पोष्टको व्यवस्था गरिनेछ भने आवश्यक अनुसार बस पार्क, प्रतिक्षालय, सवारी पार्किङ्ग,जेब्रा क्रसिङ्ग,पैदल मार्गको उपयुक्त ढङ्गले व्यवस्था गरिनेछ।
- पाँच लाख भन्दा माथिको योजना तथा कार्यक्रम गर्दा अनिवार्य रुपमा स्थायी प्रकृतिको होडिंग बोर्ड राख्नुपर्ने व्यवस्थालाई अनिवार्य गर्ने।
- नयाँ ट्र्याक खोल्न भन्दा भईरहेको बाटोलाई स्तरउन्नती गरिने तर्फ जोड दिईनेछ।
- ठुला योजनाहरु रु. ५० लाख भन्दा माथिका योजनाहरुलाई IEE तथा EIA गरेर मात्र कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।
- नगर भित्रका खोलानाला र कालीगण्डकीलाई प्रदुषणबाट जोगाउनका लागि ढल विनाको शहर अवधारणालाई निरन्तरता दिईनेछ।

ख) सिंचाई

- नगरपालिका क्षेत्र भित्रका सबै खेती योग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा प्रदान गर्नको लागि प्लाष्टिक पोखरी लगायतका सिंचाईका सुविधाहरु उपलब्ध गराउने नीति अवलम्वन गरिनेछ।
- पर्याप्त सिंचाईको सुविधाको आपूर्तिका लागि प्रदेश सरकार, संघीय सरकारसँग सहकार्य गरिनेछ।
- सिंचाई सुविधाको लागि वैकल्पिक पद्धतिको समेत विकास गरिनेछ ।
- हाल सञ्चालनमा रहेका नहर तथा कुलोहरुको स्तरउन्नति गरिनेछ।

ग) भवन तथा शहरी विकास

- यस नगरपालिकाबाट पास गरिने नक्साहरुलाई स्वचालित तथा व्यवस्थित बनाउन नक्सा पास प्रक्रियालाई अनलाईन सेवामा आवद्ध गरिने छ ।
- नक्सा पास सम्बन्धमा जनचेतना जगाई कुनै पनि घर, टहरा नक्सा पास गरेर मात्र बनाउने व्यवस्थालाई कढाईका साथ अघि बढाइने छ ।
- भूमिगत रुपमा पार्किङको व्यवस्था गरी घर निर्माण गर्दा पार्किङ क्षेत्रको नक्सा पास दस्तुर पूर्णरुपमा छुट दिने नीतिको अवलम्वन गरिने छ ।
- व्यवस्थित शहरी विकास गर्नका लागि Land Pooling को कार्य गर्न केहि स्थानलाई न.पा.को Pilot Project को रुपमा विकास गरिनेछ ।

- पूर्वधार निर्माणमा उत्कृष्टता दिनका लागि योजनाहरुबाट संकलन हुन आउने कन्टेन्जेन्सी कोषलाई कार्यविधि बनाई विकास योजना साथै कर्मचारीहरुलाई आवश्यक सामाग्री खरिद र प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- नगरपालिकालाई खरको छाना रहित बनाउनको लागि यसै आ.व. भित्रमा सबै खरको छाना भएका घरहरुलाई जस्तापातामा रुपान्तरण गरिनेछ र उक्त कार्यका लागि जस्तापाता अनुदानको व्यवस्था मिलाईनेछ र यसै वर्ष खरको छानो मुक्त बनाइने छ ।
- सार्वजनिक तथा निजी भवनहरुको निर्माण गर्दा प्रभावकारी रुपमा राष्ट्रिय भवन संहिताको पालनामा पूर्ण रुपमा कार्यान्यिन गरिनेछ ।
- **"हाम्रो रामपुर, राम्रो रामपुर, हाम्रो वडा, राम्रो वडा हाम्रो टोलको विकास जनताको अपेक्षित निकास"** भन्ने नाराका साथ जनतालाई विकास निर्माण प्रक्रियामा अधिकतम सहभागिता गराईने छ ।
- सार्वजनिक जग्गा अतिक्रमणको अभिलेखाङ्कन त्यस्ता क्षेत्रहरुमा बनाइएका संरचना हटाउन वडालाई पूर्ण अधिकार सहित जिम्मेवारी दिईनेछ।
- घर नक्सा पासलाई प्रभावकारी तथा पारदर्शि बनाउन नगरपालिकाले कार्यविधी बनाई सञ्चालनमा ल्याइएकोमा त्यसैलाई निरन्तरता दिइनेछ।
- भवन निर्माण मापदण्ड लागु हुनु भन्दा अगाडि नै खोलिएका सडक/गल्लीहरुको दायाँ/बाँया बनेका भवन, घर, टहराहरुलाई पछि नगरपालिकाको बाटोको मापदण्ड बढाउने निर्णय गर्दा अवरोध नगर्ने सर्त राखी हाललाई गल्ली कायम गरी घर अभिलेखिकरण प्रमाण पत्र दिने नीति लागु गरिने छ।
- शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ को पूर्ण पालना गरिनेछ , २.२ आना भन्दा कम जग्गामा बनेका घर तथा जग्गामा दोव्बर दस्तुर लिई घर बनेको प्रमाणीत गरिनेछ। तर नक्शापास गरिने छैन। घर नक्शा पास, अभिलेखीकरण र घर बनेको प्रमाणीत गरि ३ भागमा विभाजन गरिनेछ।
- घर नक्सा पास कार्यलाई विद्युतिय स्वीकृती (Electronic Permit System) तर्फ लैजान आवश्यक व्यवस्था मिलाईनेछ।
- रामपुर नगरपालिका भित्र उपयुक्त स्थानमा सामुदायिक सभागृह निर्माणको लागि प्रदेश/संघीय सरकार सँग आवश्यक पहल गरिनेछ।

घ) उर्जा, लघु तथा साना जलविद्युत

- सबै वडाहरुमा वैकल्पिक उर्जाको आवश्यक व्यवस्था गरिने छ।

- उज्यालो नगर निर्माणको लागि विधुतीय प्राधिकरणको समयमा चोक गल्लीहरुमा सडक बत्तिको व्यवस्था मिलाईनेछ।
- सोलार प्रणालीबाट विधुत उत्पादनलाई समेत प्रवर्द्धन गरिने छ।
- सरोकार वाला निकायहरु सँग समनवय गरि Electric pole ल्याउन पहल गरिनेछ।

ङ) सूचना, सञ्चार तथा प्रविधि

- आगामी आ.व मा नगरलाई Centralize System बनाइ वडाबाट नै राजश्व संकलनको लागि व्यवस्था मिलाईने छ।
- आगामी आ.व मा नगरपालिका कार्यालयमा Free WIFI zone को अवधारणलाई सरुवात गरिनेछ।
- सूचना प्रवाहलाई अझै चुस्त दुरुस्त बनाउन Digital Display बोर्डको व्यवस्था गरिने छ।
- सबै कर्मचारीहरुलाई सूचना प्रविधि मैत्री बनाउनको लागि सूचना प्रविधि सम्बन्धि तालिम कार्यक्रम संचालन गरिनेछ।
- नगरका संवेदनशील क्षेत्रको सुरक्षाको लागि ईलाका प्रहरी कार्यालयको मोनिटरिङ रहेको बेझाड बजार क्षेत्रमा भएको CCTV Camera लाई मर्मत गर्ने गरि अन्य बजार क्षेत्रका चोक र महत्वपूर्ण स्थलहरुमा CCTV Camera जडान चालु आ.व बाटै सुरु गरिनेछ।

२. सामाजिक विकास तर्फ

क) शिक्षा तर्फ

- प्राथमिक तहमा भर्ना भएका विद्यार्थीहरुले माध्यमिक तह पुरा गर्ने सुनिश्चित गर्न छात्रवृत्ती र दिवा खाजाको व्यवस्था गरिनेछ।
- विद्यार्थीहरुले गुणस्तरिय शिक्षा प्राप्त गर्ने सुनिश्चित गर्न सामुदायिक विद्यालायका शिक्षकहरुलाई नियमित तालिम प्रदान गर्नुका साथै शैक्षिक सामाग्रीहरुको उत्पादन र बितरणमा जोड दिइनेछ।
- प्रत्येक्ष रुपमा सिकाइ नहुने अवस्थामा बैकल्पिक सिकाइ सहजिकरणलाई प्रभावकारी बनाई अध्ययन अध्यापनमा दुर शिक्षा र प्रविधिको प्रयोग समेत गरिनेछ।
- आधारभुत तथा माध्यमिक तहमा शुन्य वा एक दरबन्दी रहेका विद्यालयहरुलाई गणित/विज्ञान/अङ्ग्रेजी विषयका शिक्षकहरुका व्यवस्थापनका लागि शिक्षण अनुदान दिइनेछ।
- सामुदायिक विद्यालयमा अध्ययनरत किशोरीहरुलाई निःशुल्क सेनिटरी प्याडको व्यवस्था गरिनेछ।
- बाल विवाह तथा आत्महत्या कम गर्न चेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

- हरित विद्यालय बनाउन र कृषि प्रति सकारात्मक धारणा विकास गर्न विद्यालयहरुमा फुलबारी तथा करेसाबारी निर्माणमा बालक्लब मार्फत विद्यार्थीहरुलाई सक्रिय बनाइनेछ।
- **"एक वडा एक बालमैत्रि कक्षाकोठा"** भन्ने नाराका साथ प्राथमिक विद्यालयका सम्बन्धित शिक्षकहरुलाई बालमैत्रि शिक्षण तालिम दिइनेछ।
- सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला निर्माण गर्न सुरु गरिनेछ।
- महिनामा एक हप्ता विद्यालय अनुगमन गर्ने तथा स्थलगत अनुगमनका क्रममा देखिन आउने विद्यालय तथा शिक्षकका समस्यालाई पहिचान गरि बजेट व्यवस्था गरि वा विना बजेट ठोस समाधान गरिनेछ।
- कार्यसम्पादनका आधारमा विद्यालय, शिक्षक तथा कर्मचारीलाई सम्मान तथा पुरस्कृत गरि पेशा प्रति प्रतिबद्द तथा गौरव गर्ने वातावरण सृजना गरिनेछ।
- कक्षा १-९ को नतिजा एक्सलको (IEMIS) प्रयोग गरि अक्षराङ्क पद्दतिबाट प्रकाशन गरिनेछ।
- शहीद बहुमुखी क्याम्पसलाई उच्च शिक्षाको शैक्षिक हवको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ।
- रामपुर नगरपालिकाका नमुना विद्यालयहरुलाई अन्य विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि सहकार्य र अनुभव आदान-प्रदान गर्न समन्वय गरिनेछ।
- मेयर छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- विपन्न तथा दलित विद्यार्थीहरुलाई स्नातक र स्नातकोत्तर तह सम्म अध्ययनको लागि निःशुल्क भर्नाको व्यवस्था गरिनेछ।
- **"सबैको शिक्षक, सबैको विद्यार्थी, सबैको अभिभावक, सबैको विधार्थी"** भन्ने अभियानका साथ नगरपालिका भित्रका सबै अभिभावक शिक्षक र विधार्थी विचको आपसी सम्बन्धलाई बढाईनेछ।
- शिक्षक तथा विद्यार्थीका लागी नगर स्तरीय शैक्षिक तथा बौद्दिक कार्यक्रम संचालन गरिनेछ।
- विद्यालय व्यवस्थापन समितिको संजाल निर्माण गरी ३-३ महिनामा बैठक बस्ने व्यवस्था मिलाईनेछ।
- वि. सं. २०७६ श्रावण पछि जन्म भएका/हुने सबै छोरीहरुलाई नगर भित्रको सामुदायीक विद्यालय तथा क्याम्पसमा स्नातक तह सम्म निःशुल्क शिक्षा उपलब्ध गराइनेछ ।
- मेयरसँग बालबालिका कार्यक्रम मार्फत एक विद्यार्थी १ गमला कार्यक्रम (हराभरा रामपुर) सञ्चालन गरिने छ।
- दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्न स्वस्थ बालबालिका, रामपुर नगरपालिका सञ्चालन गरिने छ।

- **"हाम्रा जनप्रतिनिधी, हाम्रा शिक्षक हाम्रा बाबुनानीको संरक्षक"** कार्यक्रम मार्फत छात्रवृत्ति वितरण, विद्यालयमा वडा अध्यक्ष अतिरिक्त क्रियाकलाप कार्यक्रम गरिने छ।
- नगरपालिकालाई समग्र शैक्षिक विकासको माध्यमवाट शैक्षिक केन्द्र (Educational Hub) को रुपमा विकास गर्न विस्तृत गुरुयोजना निर्माण गरी समग्र शैक्षिक क्षेत्र सुधारको नीति लिईने छ।
- माध्यमिक तहसम्मको नगर शिक्षालाई वस्तुनिष्ठ र योजनावद्ध बनाउन सबै सरोकारवालालाई सहभागी बनाई नगर शिक्षा योजनाको निर्माण गरिने छ।
- नगरभित्र बोलिने विभिन्न मातृभाषाहरु र संस्कृत भाषालाई आवश्यकता अनुसार ऐच्छिक विषयको रुपमा शिक्षणको कार्य अगाडि वढाइने छ।
- माध्यमिक तहका सबै सामुदायिक विद्यालयका कक्षा ९ र १० मा सुचना प्रविधिको प्रयोग गरि स्मार्ट एजुकेशन तर्फ अगाडी वढिनेछ।
- नगरपालिका भित्र रहेका सबै शिक्षकलाई सुचना प्रविधिको प्रयोग गरी शिक्षण गर्न सक्ने बनाउन आवश्यक तालिमको व्यवस्था मिलाईने छ।
- विद्यालयका प्रधानाध्यापकहरुसँग कार्यसम्पादन करार गरिने छ। प्र.अ.ले पनि सबै शिक्षकसँग कार्यसम्पादन करार गर्ने व्यवस्था मिलाईने छ। यसबाट नतिजामुलक सिकाई, जिम्मेवारी, उत्तरदायित्व र जवाफदेहिता बढ्न गई विद्यालयको समग्र क्रियाकलापमा गुणात्मक परिवर्तन आई सिकाई उपलब्धीमा समेत वृद्धि आउने छ।
- आधारभुत तहको परीक्षालाई मर्यादित, विश्वसनीय, विद्यार्थी मैत्री र प्रतिष्पर्धी बनाइने छ।
- शैक्षिक सत्र २०७८ देखि नगरभित्रका सबै विद्यालयहरुमा सामाजिक र नैतिक विषयलाई नेपाली भाषा माध्यम भाषाको रुपमा प्रयोग गरी पठनपाठन गर्नै पर्ने अनिवार्य व्यवस्था गरिने छ। यसबाट ती विषय शिक्षणको मर्म अनुसार सिक्न र सिकाइलाई आत्मसात गरि व्यवहार परिवर्तन गर्न सहजता आइ नैतिक र चरित्रवान रामपुर निर्माणको हाम्रो अभियानलाई थप बल पुग्ने छ।
- आगमी आ.व. देखि नै सामुदायिक वालविकासमा कार्यरत सहयोगी कार्यकर्ताको र विद्यालयको कर्मचारीको न्यूनतम तलब रु.१५,०००/- प्रदान गरिने छ।
- नगरपालिका भित्रका सामुदायिक विद्यालयहरु मध्ये उत्कृष्ट (मापदण्ड) पुगेका विद्यालयलाई नगर नमुना विद्यालय घोषणा गरी कम्तीमा तीन वर्षसम्म नगरपालिकाले तोकिएको रकम विनियोजन गरिनेछ।

- विद्यालयको निरीक्षण अनुगमनलाई प्रभावकारी वनाई शिक्षण सिकाइमा सुधार गर्न कक्षा अवलोकन गरी पृष्ठपोषण दिने कार्यलाई निरन्तरता दिइने छ।
- आगामी शैक्षिक सत्रदेखी कक्षा ११ र १२ लाई दिवासत्रमै पठनपाठन गर्नुपर्ने व्यवस्थालाई कार्यान्वयन गरिनेछ।
- सामुदायिक तथा संस्थागत विद्यालयवाट SEE र आधारभुत तहमा उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई पुरस्कृत गरिनेछ।
- विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुलाई विद्यार्थी संख्या वृद्धि गर्न उत्प्रेरित गर्ने कार्यलाई निरन्तरता दिइनुका साथै आवश्यकता अनुसार समायोजन गर्ने नीति अवलम्वन गरिनेछ।
- रामपुर नगरपालिकाका आधारभूत विद्यालयहरुमा निःशुल्क ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान गरिनेछ।

ख) स्वास्थ्य

- नगरका सम्पूर्ण नागरिकहरुको स्वास्थ्य सुरक्षाको लागि एंव कोभिड-१९ बाट सुरक्षित राख्न खोप खरिदको लागि आवश्यक पहल गरिनेछ।
- कोभिड-१९ को उपचारमा खटाईने स्वास्थ्यकर्मीलाई मापदण्ड तयार गरी प्रोत्साहन भत्ता उपलब्ध गराईने छ।
- सबै नगरवासीलाई कोभिड १९ चेकजाँच निरन्तरता, उपचारात्मक सेवा, कोभिड १९ विरुद्धको खोप सेवा व्यवस्थापन कार्य गरिनेछ। अत्यावश्यक औषधी तथा उपकरण अक्सिजन, कन्सर्नट्रेटर मेसिन व्यवस्था गरिनेछ। कार्यक्रमलाई थप प्रभावकारी बनाउन कोभिड १९ विरुद्ध खोप अभियान सञ्चालन व्यवस्थापन खर्च , पालिका स्तरीय समिक्षा तथा योजना र पालिका तथा स्वास्थ्य संस्था स्तरीय सुपरिवेक्षण गरिनेछ।
- सवै स्वास्थ्य संस्थावाट राष्ट्रिय मापदण्ड बमोजिम आधारभूत स्वास्थ्य सेवाहरु निशूल्क उपलव्ध गराइनेछ।
- पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार साथै चौमासिक एवं वार्षिक समिक्षालाई निरन्तरता गरिनेछ।
- मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा कार्यक्रम, गर्भवती उत्प्रेरणा सेवा , न्यानो झोला र निःशूल्क गर्भपतन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- CB-IMNCI Onsite Coaching र समता तथा पहुँच कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- मातृ तथा नवशिशु कार्यक्रम निरन्तरता दिदै थप नयाँ कार्यक्रम नगरपालिका भवनमा MCH Clinic स्थापना गरी सञ्चालनमा ल्याइने छ।

- टाइफाइड खोपको अभियान संचालन गरी नियमित खोपमा टाइफाइड खोप शुरुवातको साथै नियमित खोप सुदृढीकरण र सरसफाई प्रवर्द्धनको लागि पालिका र वडा खोप समन्वय समिति र सरोकारवालाहरुको अभिमुखकिरण गरिनेछ।
- पालिकास्तरमा खोप र सरसफाई प्रवर्द्धन कार्यक्रमको समिक्षा, सूक्ष्म योजना अध्यावधिक र पालिका खोप समन्वय समितिको अभिमुखीकरण कार्यक्रम पालिका स्तरमा, वडा खोप समन्वय समितिको अभिमुखीकरण स्वास्थ्य चौकीमा तथा पूर्ण खोप सुनिश्चितताको लागि घरधुरी सर्वेक्षण तथा भेरिफिकेशन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- उपचारात्मक सेवा अन्तर्गतका कार्यक्रमहरु (आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद, न्यूनतम सेवा मापदण्ड कार्यक्रम संचालन तथा सुदृढीकरण र आँखा नाक, कान, तथा मुख स्वास्थ्य सम्वन्धी अभिमुखिकरण तथा विद्यालय स्क्रीनिङ्ग कार्यक्रम कार्य संचालन निर्देशिकामा उल्लेख भए वमोजिम हुनेछ।
- राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र अन्तर्गत विद्यालय स्वास्थ्य शिक्षा/ आमा समूह तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि सामाजिक व्यवहार गर्ने कार्यक्रम संचालन गरिनेछ।
- महिला स्वास्थ्य स्वयं सेविकाको क्षमता अभिवृद्धिको लागि रिफ्रेसर तालिमको व्यवस्था गरिनेछ।
- CB DOTS Program सञ्चालन गरी नगरपालिकालाई क्षयरोग मूक्त बनाउन क्षयरोग सम्वन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- स्वास्थ्य संस्थामा आकस्मिक अवस्थामा औषधी एवं ल्याव सामाग्री ढुवानी, रेकडिङ्ग तथा रिपोटिङ्गका लागि फर्म फरमेट तथा छपाई ,फोटोकपी e-TB रजिष्टर अध्यावधिक गर्ने। विश्व क्षयरोग दिवस सम्वन्धी कार्यक्रम संचालन गरिनेछ।
- क्षयरोगका जोखिम समूह तथा स्वास्थ्य सेवाको पहुँच कम भएका समुदायमा सक्रिय क्षयरोग खोज पड्ताल कार्यक्रम, घरपरिवारको सदस्यहरुको सम्पर्क परीक्षण, समुदायमा क्षयरोगका विरामीहरुको लागि क्षमता अभिवृद्धि तथा परिचालन गरिनेछ।
- स्थलगत अनुशिक्षण गरी स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि एवं तथ्याङ्कहरुको गुणस्तर सुनिश्चितपना, क्षयरोगका कार्यक्रमको अर्धवार्षिक समीक्षा तथा उपचार नतिजाको कोहर्ट विश्लेषण गरिनेछ ।
- राष्ट्रिय महिला स्वास्थ्य स्वम् सेविका कार्यक्रम (पोशाक प्रोत्साहन यातायता खर्च, वार्षिक समीक्षा गोष्ठी र दिवस मनाउने खर्च समेत उपलव्ध गराइनेछ।)

- कोभिड १९ लगायत विभिन्न महामारी जन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा निगरानीका लागि सरोकारवालासंगको अर्न्तक्रिया तथा RRT, स्वास्थ्यकर्मी परिचालन गरिनेछ।
- पशपन्क्षी आदिवाट हुने इन्फ्लुजा, वर्ड फ्लू विभिन्न सरुवा रोग सम्वन्धी रोकथाम तथा नियन्त्रणका लागि सचेतना कार्यक्रम गरिनेछ ।
- विभिन्न सरुवा रोग, नसर्ने रोग जुनेटिक, मानसिक स्वास्थ्य सम्वन्धी अर्न्तक्रिया कार्यक्रम तथा दिवसहरु, (Hypertension, Diabetes, COPD, Cancer) दिवस आत्महत्या रोकथाम दिवस, मानसिक स्वास्थ्य दिवस, रेविज दिवस, अल्जाइमर दिवस, विश्व औलो दिवस) मनाइनेछ।
- स्थानीय तहका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य चौकी, शहरी सामुदायिक स्वास्थ्य इकाइमा कार्यरत कर्मचारीहरुको तलव, महङ्गी भत्ता, पोशाक लगायत प्रशासनिक खर्चको व्यवस्थापन गरिनेछ।
- नागरिकको पहुँच पुग्ने गरी चिकित्सकीय सेवा, प्रयोगशाला सेवा तथा अनुसन्धान कार्यहरु गर्न स्वास्थ्य संस्थाहरु स्थापना गरी स्वास्थ्य प्रवर्द्धन, रोकथाम, उपचार सेवा, उपलव्ध गराइनेछ।
- नियमित खोप सेवालाई थप प्रभावकारी रुपमा संचालन गर्न आवश्यक व्यवस्था मिलाईने छ साथै नयाँ खोपको रुपमा आउने कार्यक्रमहरु थप गरी कार्य संचालन गरिने र भ्याक्सिन आपूर्ति र संचालन कार्यलाई व्यवस्थित गरिनेछ।
- स्वास्थ्य संस्थालाई बाल, किशोर/किशोरी, अपाङ्ग तथा जेष्ठ नागरिक मैत्री संस्था बनाइनेछ। सबै स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिमा वालवालिकाको सहभागिता बनाइनेछ ।
- समुदायमा आधारित स्वास्थ्य स्वयंसेवक, स्वास्थ्य आमा समूह, टोल विकास संस्था जस्ता संघ संस्था र आम नागरिकहरुको परिचालन गरी स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ।
- सवै प्रकृतिका रोगहरुको नियन्त्रण, निवारण तथा उपचार र नसर्ने प्रकृतिका रोगहरुको नियन्त्रण, उपचारका कार्यक्रमहरु समुदाय स्तरसम्म विभिन्न कार्यक्रमहरु लगिनेछ साथै सडक दुर्घटना न्यूनिकरण तथा उपचारको व्यवस्था गरिनेछ।
- यस वर्षबाट ZERO TB (शून्य क्षयरोग) को कार्यक्रमलाई निरन्तरता गरिनेछ।
- Zero Home Delivery कार्यक्रमको लागि स्वास्थ्य विमा कार्यक्रम र छोरी जन्म प्रोत्साहन भत्ता निरन्तरता दिइनेछ साथै अन्य स्वास्थ्य संस्थामा प्रयोगशाला सेवा विस्तार गरिनेछ।
- लागु पदार्थको नियन्त्रण तथा मदिराको प्रयोगलाई निरुत्साहित तथा सुर्तिजन्य पदार्थ बिक्रि वितरण र प्रयोगमा प्रभावकारी नियमन गरिने छ। यस्ता अखाद्य पदार्थहरुको प्रयोगलाई रोकथाम गर्न चेतनामूलक कार्यक्रमहरु संचालन गरि यी व्यवहारवाट सिर्जित स्वास्थ्य समस्याको उपचार तथा पुर्नस्थापनाको व्यवस्था मिलाईनेछ।

- स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिको लागि तालिम तथा गोष्ठीको व्यवस्था मिलाईनेछ।
- पूर्णखोप दिगोपनमा निरन्तरता दिइनेछ।
- पोषणमैत्री स्वास्थ्य संस्था घोषणा सुनिश्चितता र दिगोपनलाई निरन्तरता दिइनेछ।
- बालमैत्री नगर घोषणा कार्यक्रमलाई स्वास्थ्यका सुचांकवाट सफल तुल्याइनेछ।
- जनघनत्व बढी हुने सार्वजनिक स्थलमा सार्वजनिक शौचालय निर्माण र शुद्ध खानेपानीको व्यवस्था मिलाईनेछ।
- नगर भित्रका प्रमुख पर्यटकीय स्थलहरु, धार्मिक स्थललाई स्वास्थ्य मैत्री बनाइनेछ।
- नगरका प्रत्येक स्वास्थ्य संस्थामा सेवा प्रवाह वितरणको विद्युतिय अभिलेख राख्ने र प्रतिवेदन गर्ने कार्यलाई कडाइका साथ लागू गरिनेछ। District Health Information System-2 DHIS 2 माध्यमवाट रिपोटिङ्ग गर्ने व्यवस्था गरिनेछ। उक्त कार्यको लागि आवश्यक पर्ने कम्प्यूटर, ल्यापटप, प्रोजेक्ट, इन्टरनेट तथा संचार सुविधा सवै संस्थाहरुमा उपलव्ध गरिनेछ।
- म.स्वा.से तथा स्वास्थ्यकर्मीलाई समयानुकूल सुविधा थप र पुरुस्कृत गर्दै नमूना स्वास्थ्य संस्थाहरुमा अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ र ६० वर्ष उमेर पुगेका म.स्वा.से लाई प्रोत्साहन सहित स-सम्मान विदाई गरिनेछ।
- परिवार नियोजनका ५ वटै आधुनिक सेवाहरुलाई सम्पूर्ण सरकारी स्वास्थ्य संस्थाहरुवाट १२ महिना नै उपलव्ध हुने गरि सुनिश्चित गरिनेछ। उपलव्ध भएको संस्थामा निरन्तरता दिइनेछ। विद्यालय स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी वनाई प्राविधिक तालिम व्यवस्थापन निरन्तरता दिइनेछ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि प्रत्येक वडामा स्वास्थ्य संस्था स्थापना र सञ्चालनको व्यवस्थापन आवश्यकता अनुसार थप गरिनेछ र सवै स्वास्थ्य चौकीमा वर्थिङ्ग सेन्टर स्थापना गरिनेछ।
- स्वास्थ्य सेवामा गरिब सीमान्तकृत दलित, महिला, वालवालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्ग र दीर्घ रोगीहरुको स्वास्थ्यमा पहुँच बढाउन विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ।
- स्वास्थ्य सेवामा कार्यरत कर्मचारी तथा स्वास्थ्यकर्मीको मनोवल वृद्धिका लागि पेशागत सुरक्षा सुनिश्चिता गरिने र कार्य मूल्याङ्कनको आधारमा प्रोत्साहन कार्यक्रम ल्याइनेछ।
- निजी तथा गैह्र सरकारी क्षेत्रवाट संचालित निदान केन्द्र, औषधी पसल लगायतका स्वास्थ्य संस्थाहरुको कानुनी व्यवस्था गरी संचालन अनुमति, नविकरण, सहजिकरण र नियमनलाई निरन्तरता दिइनेछ।
- आगामी आ.व. बाट एम्बुलेन्स सेवाको लागि बजेट विनियोजन गरिनेछ।

- प्रत्येक वडामा रहेका स्वास्थ्य चौकीको सुदृढिकरण गरी आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच कायम गरिनेछ।
- सवै नगरवासीलाई स्वास्थ्य विमामा समेटिनेछ।
- पोषण पुनःस्थापना केन्द्र स्थापना गरि वालवालिकाको पोषण स्थितिमा सुधार ल्याइनेछ र उत्कृष्ट वालवालिकालाई पुरस्कृत गरिनेछ ।
- जेष्ठ नागरिक ७० वर्ष माथिकालाई घरमै स्वास्थ्य परीक्षणको व्यवस्था मिलाईनेछ।
- ससर्त स्वास्थ्य कार्यक्रमलाई पूर्णता दिन स्थानिय तहवाट साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।
- स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र र शहरी स्वास्थ्य केन्द्रमा भवन नभएको ठाँउमा मापदण्ड अनुसार भवन निर्माणको लागि केन्द्र, प्रदेश , स्थानीय साझेदारीमा व्यवस्थापन गरिनेछ ।
- स्त्री रोग तथा पाठेघर खस्ने महिलाको स्वास्थ्य समस्या समाधानको लागि आवश्यक स्वास्थ्य घुम्ती शिविरको व्यवस्था गरिनेछ।
- नगरपालिकाका सवै सरकारी कार्यालयमा शिशु स्याहार एवं स्तनपान कक्ष र सेवाग्राही प्रतिक्षालयको व्यवस्था निरन्तरता दिइनेछ।
- स्वास्थ्यका सवै कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गरिनेछ।
- नगरमा संचालनमा रहेका दमकल र एम्वुलेन्सका सेवा प्रभावकारी बनाइनेछ ।
- नगर भित्रका दलित तथा विपन्न वर्गलाई गिरिजा प्रसाद कोईरल स्वास्थ्य विमा कार्यक्रम मार्फत विमालाई निरन्तरता दिइनेछ।
- खानेपानी शुद्धीकरण र स्वास्थ्य संस्थामा युरोगार्ड जडान गरिनेछ।
- विद्यालय शिक्षा कार्यक्रमसंग विद्यालय पोषण कार्यक्रम जुकाको औषधी आइरन लगायत विद्यालयसंग समन्वय गरि निरन्तरता दिइनेछ। वर्षको २ पटक स्वास्थ्य परीक्षण जस्मा आँखा, मुख, दन्त सेवा प्रदान गरिनेछ ।
- नगरवासीको सर्वाङ्गीण स्वास्थ्य स्थिति व्यवस्थित गर्न र भैपरि आउने महामारी, दैविक प्रकोप व्यवस्थापन गर्न एक उच्च स्तरीय RRT टिम गठन गरी त्यस सम्वन्धी विशेष स्वास्थ्य इकाइ गठन गरिनेछ ।
- आयुर्वेद औषद्यालयबाट संचालन भई रहेका आयुर्वेद तथा वैकल्पिक आधारभुत स्वास्थ्य सेवा कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ।

- नगरपालिका भित्र संचालित १५ वटै स्वास्थ्य सेवा केन्द्रहरुमा Concentrator Machine को व्यवस्था गरि उपचार गरिनेछ।
- आवश्यकता अनुसार नागरिक आरोग्य सेवा क्लिनिकको संचालन गरि आयुर्वेद सेवामा नागरिकको पहुँच बढाइने छ।
- निर्माणधिन १५ शैयाको आयुर्वेद अस्पतालको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि निर्माण कार्य सम्पन्न भए पश्चात आयुर्वेद अस्पताल संचालन गरिनेछ।
- चूर्ण औषधी निर्माणको थालनी गरिने छ।
- स्वस्थ व्यक्तिको स्वास्थ्य रक्षा र रोगीहरुको उपचार गर्ने आयुर्वेदको मुल सिद्धान्त भएको हुँदा स्वास्थ्य जिवन शैली, योग व्याम, पोषणयुक्त अहार विहारका लागि तालिम तथा सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ।
- आयुर्वेद शिक्षा प्रोत्साहन गर्न नगर भित्र आयुर्वेद जनशक्ति उत्पादनका लागि आयुर्वेद शिक्षामा आंशिक तथा पूर्ण छात्रवृत्तिको व्यवस्था मिलाईने छ।
- आगामी आ.व. बाट एम्बुलेन्स सेवा उपलब्ध गराउनका लागि आवश्यक बजेट विनियोजन गरिएको छु।

ग) खानेपानी तथा सरसफाई

- शुद्ध खानेपानीमा पहुँच भएको जनसंख्या बृद्धिका लागि सह-लगानीका खानेपानी आयोजनामा नगरपालिकाको तर्फवाट सहभागिता जनाउने नीति अवलम्वन गरिनेछ।
- नगरपालिका खुला दिसा मुक्त क्षेत्र घोषणा भैसकेको हुँदा यसलाई दिगो बनाउन विशेष पहल गरिनेछ।
- नगरपालिका भित्र रहेका सम्पूर्ण विद्यालयहरु तथा कार्यालयहरुमा हरेक शुक्रवार कार्यालय परिसर सरसफाई गर्ने अभियान संचालन गरिनेछ ।
- विभिन्न संघ संस्थाहरुसँग सरसफाई व्यवस्थापनमा सहकार्य गरिनेछ ।
- यस नगरपालिकालाई सरसफाईयुक्त नगरपालिका बनाउनका लागी पूर्ण सरसफाई क्रियाकलाप अभियानका रुपमा संचालन गरिनेछ ।

घ) संस्कृति प्रवर्द्धन

- नगरपालिका भित्रका सबै जातजाति, भाषा, धर्म, मौलिक संस्कृति र परम्पराको संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।
- जाति र स्थान विशेषका धार्मिक तथा संस्कृतिको संरक्षण सम्वर्धन गर्नको लागि विभिन्न प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

- कला, संगीत र साहित्यको संरक्षण र प्रवर्द्धन गर्ने नीति लिइने छ ।
- सबै प्रकारका धार्मिक संरचनाहरु मठमन्दिर, मस्जित, चर्चको संरक्षण तथा संबर्द्धनका लागि भौतिक अवस्था पहिचान गरि आवश्यकताको आधारमा भवन निर्माण/मर्मत शिर्षकमा रकम विनियोजन गरिनेछ।

ङ) **युवा, खेलकुद तथा मनोरञ्जन**

- एक वडा एक खेलकुद मैदानको अवधारणालाई अगाडी बढाइनेछ ।
- नगरको खेलकुद विकासलाई व्यवस्थित गरी युवा वर्गको सहभागिता वृद्धि एवं खेलाडिको उत्पादन गर्न नगर खेलकुद विकास समिती गठन गरी कार्य अगाडि बढाइएको छ । मेयर कप अन्तर वडा स्तरीय रनिङ सिल्ड प्रतियोगितालाई निरन्तरता दिदै राष्ट्रिय खेलहरु समावेश गरी नगर खेलकुद महोत्सव सम्पन्न गरिनेछ । फुटवल, भलिवल र क्रिकेट खेलको लागी प्रशिक्षणको समेत व्यवस्था मिलाईनेछ ।
- विभिन्न खेलकुदहरुमा सहभागी भै छानिएका खेलाडीहरुवाट नगरपालिका स्तरीय टिम वनाई अन्तर जिल्ला एवं अन्तरपालिका स्तरीय खेलकुदमा सहभागी गराइनेछ ।
- समुदायको लगानीमा निर्माण हुने खेलकुद पुर्वाधारहरुमा सहयोग गर्ने नीति अवलम्वन गरिनेछ ।
- प्रदेश स्तरको अन्य खेलमैदान निर्माणको सम्भाव्यता अध्ययन गरी निर्माणका लागि सम्वन्धित निकाय सँग पहल गरिनेछ ।
- वडा र नगरस्तरमा युवा समिति गठन गरी नमुना युवा संसद सञ्चालन गरी शुरु देखि नै युवाहरुलाई सरकारका अंगहरुको अभ्यास गराई युवाहरुलाई सामाजिक कार्यमा समर्पित गराइनेछ ।
- खेलाडीहरुको प्रोत्साहनको लागि विभिन्न विधामा खेल्ने उत्कृष्ट खेलाडीहरुलाई सम्मान तथा पुरुस्कृत गरिनेछ।

च) **लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण**

- नगर प्रमुखको सिट —व्यापारिको हित भन्ने नाराका साथ कोभडि—१९ लाई लक्षित गरी निर्वाहमूखी व्यवसायलाई व्यवसायीमूखी बनाउनका लागि तीन फरक कार्यक्रमको व्यवस्था अन्तरगत रामपुर नगरपालिका मार्फत्,
  - क) व्यापारीको अस्तीत्व जोगाउने रणनीती
  - ख) व्यापारीक संस्कार र संस्कृति

ग) ग्राहक आत्म सन्तुष्टी सँगै सिप तथा उत्पादक्त्व र बजारीकरणका लागि आवश्यक कार्यक्रम तय गरी रकम विनियोजन गरिनेछ ।

- **"उप—मेयरको कोसेली—सिपबाट हुनेछ दिगो आर्थिक आम्दानी"** भन्ने नारालाई आत्मसाथ गर्दै उप—मेयर कासेली कार्यक्रम शिर्षक अन्तरगत महिलाहरुका लागि न्यूनतम सशक्तिकरणका आयामहरु (लैगिंक समता, प्रजनन स्वास्थ्यता, जीवनोपयोगी शिक्षा, पुगीसरी सम्पन्नता र संस्थागत सहभागीता) लाई अबलम्बन गर्दै क्षमता विकास, सिप तथा व्यवसायीकता विकास तालिमहरु सँगै महिलामैत्री व्यवसायीक उपकरणहरु उपलब्ध गराईनेछ साथै लैगिंक समानता तथा सामाजिक समावेसीकरणका लागि लक्षित वर्ग (आदिबासी जनजाती, दलित, मुस्लिम, यौनिक अल्पसंख्यकका माग सम्बोधन हुने गरी आवश्यक कार्यक्रम तय गरी रकम विनियोजन गरिनेछ ।
- बालमैत्री नगर घोषणा कार्यक्रमलाई निरन्तरता दिईनुका साथै बालश्रम मुक्त तथा सडक बालबालिका मुक्त नगर घोषणाका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।
- नगरपालिकाका सबै सरकारी कार्यालयहरुमा सुविधा सम्पन्न स्तनपान कक्षको व्यवस्था गरिनेछ ।
- बालबालिकाको पोषण सुनिश्चितताका लागि पोषण सुधारका परामर्श सँगै बालबालिकाका पोषण लक्षित राहत प्याकेजको व्यवस्था गरिनेछ ।
- किशोर किशोरीलाई लक्षित गरी प्रजनन स्वास्थ्य, बालविवाह, बहुविवाह, कानुनी सचेतना तथा सबै प्रकारका हिंसा तथा यौन दुर्व्यवहार न्यूनीकरण सम्बन्धी आवश्यक कार्यक्रम सञ्चालन तथा पुनरावलोकन गरिनेछ ।
- मौलिकता जोगाउदै नेतृत्व हामीमा आधुनिकतामा महिनावारी अभियान प्राथमिकतामा भन्ने भनाईलाई आत्मसाथ गर्दै रामपुर नगर भित्रका सबै सरकारी कार्यालय र विद्यालयहरुमा गुणस्तरीय सेनेटरी प्याडको व्यवस्था गरिनेछ । साथै रजस्वलाका बखत महिला कर्मचारीका लागि महिनामा १ दिन र गर्भवती महिला कर्मचारीहरुको गर्भावस्था जाँचका लागि गर्भावधी भरी चार दिन विषेश विदा दिने व्यवस्था मिलाईनेछ ।
- विद्यालयका बालबालिकाका लागि असल आचरण र आत्मरक्षा सम्बन्धी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- ज्येष्ठ नागरिकहरुका लागी व्यवस्थीत ज्येष्ठ नागरिक दिवा सेवा तथा मिलन केन्द्र स्थापना गरि ज्येष्ठ नागरिकसँग सम्बन्धीत अन्तरपुस्ता सिप हस्तान्तरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- रामपुर नगरको दायित्व हिंसा रहित समाज हुनेछ स्थायीत्व भन्ने नारालाई आत्मसात गर्दै ज्येष्ठ नागरिकहरुको लागि समाज कल्याण कोषको स्थापना तथा बालबालिकाहरुको लागि आपत्कालीन बाल उद्धार कोष र हिंसा पिडितको लागि लैङ्गीक हिंसा निवारण कोषको प्रभावकारी परिचालन गरिनेछ ।
- सबै वर्गका (रातो, निलो, पहेंलो र सेतो परिचय पत्र प्राप्त गरेका) अपाङ्गता भएका व्यक्तिहरुका लागि सिपमूलक तालिम तथा संरक्षण,संवर्द्धनका लागि आवश्यक सहायक सामाग्री/राहत प्याकेजको व्यवस्था गरिनुका साथै अन्य विषेश कार्यक्रमको व्यवस्था गरिनेछ ।
- **"उपमेयरको चिनारी मेरो नगर मेरो जिम्मेवारी"** कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- बालबालिकाको सवाल सम्बोधन संगै गुनासो व्यवस्थापनका लागि बालबालिका संग मेयर कार्यक्रम शिर्षकमा बजेट विनियोजन गरि बालबालिकाको प्रत्यक्ष संलग्नतामा कार्यक्रम तय गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- लैगिंक मैत्री कानून तर्जुमा गरि कार्यान्वयन गरि उद्यमशिलताको माध्यमबाट पिछडीएका तथा विपन्न महिलाहरुको आर्थिक सशक्तिकरणका लागि जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- सार्वजनिक सेवा प्रवाहमा लक्षित वर्गहरुको समेत अर्थपूर्ण सहभागीता सुश्चित गर्नका लागि लोकसेवा तयारी कक्षा सञ्चालन कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरिनेछ ।
- स्थानीय तह, प्रदेश तथा संघीय सरकारसँगको साझेदारीमा सञ्चालन गर्ने गरी अपाङ्गता नागरिक ग्राम स्थापनाका लागि रकम विनियोजन गरिनेछ ।
- ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुऱ्याएको योगदानको आधारमा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम गरिनेछ साथै ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुका लागि राज्यद्धारा प्रदत्त सार्वजनिक यातायात र औषधि उपचारमा विशेष छुट र सौलियतको कार्यान्वयनका लागि विषेश पहल गरिनेछ ।
- बुड्यौली रोग अल्जाइमर तथा विर्सने रोग आदिबाट प्रभावित ज्येष्ठ नागरिकको लागि औषधि उपचारको व्यवस्था गरिनेछ ।
- दैनिक ज्याला मजदुरी गर्ने महिलाहरु, ज्येष्ठ नागरिक तथा "क" वर्गको अपाङ्गता परिचय पत्र प्राप्त व्यक्तिको बार्षिक रुपमा स्वास्थ्य परिक्षण गरिनेछ साथै असहाय अवस्थामा रहेका एकल महिलालाई सिप क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिंदै जिविकोपार्जनका लागि समुचीत व्यवस्था गरिनेछ ।

- अति विपन्न अपाङ्गता भएका व्यक्तिहरुका लागि निःशुल्क स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- रामपुर नगरको सम्बाहक सँगै गहनाको रुपमा रहेको कालीगण्डकी नदी ड्राइभर्सन हुन बाट बचाउनका लागी उप-प्रमुखको देन कालीगण्डकी बचाउ अभियान कार्यक्रम शिर्षकमा रकम विनियोजन गरि संचालन गरिनेछ।
- कोभिड-१९ का कारण अभिभावक गुमाइ बेसाहारा भएका बालबालिकाहरुको संरक्षणका लागि विभिन्न कार्यक्रमका प्याकेजहरु व्यवस्था गरिनेछ।

न्यायिक समिति तर्फ

- नागरिकहरुलाई न्यायमा पहुँच, कानुनमा सवल र कर्तव्यमा अब्बल बनाउनका लागि न्यायिक समिति सँग प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगर तथा वडा स्तरका मेलमिलाप केन्द्रहरुको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउनका लागि केन्द्रको थप व्यवस्थापन गरिनेछ। साथै मेलमिलापकर्ताहरुको पुनर्ताजगि तालिमलाई निरन्तरता दिई समय समयमा मेलमिलाप केन्द्रको अनुगमन तथा पुनरावलोकन गरिनेछ ।

३. आर्थिक विकास तर्फ

क) कृषि तथा पशुपन्क्षी

- कृषि क्षेत्रलाई आधुनिकीकरण तथा व्यवसायीकरण गरि उत्थान्शील अर्थतन्त्रको प्रमुख आधारको रुपमा बिकास गरिनेछ। कृषि उपजको मूल्य शृंखलाबाट उत्पादक किसान लाभान्वित हुने व्यवस्था गरिनेछ। कृषि उत्पादनको विविधिकरण एवं विशिष्टीकरण मार्फत उत्पादकत्व बृद्दि गरि नागरिकको खाध एवं पोषण अधिकार सुनिश्चित गरिनेछ । कृषि योग्य जमिनको चक्लाबन्दी गरि कबुलियती र करार खेती गर्न प्रोत्साहन गरिनेछ।
- कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धिको लागि खाद्यान्न बिउबिजन (धान,गहु र मकै) ५०% अनुदानमा उपलब्ध गराइनेछ। साथै नगरलाई खाद्यान्नको बिउ बिजनमा आत्मनिर्भर गराउन खाद्यान्न बिजवृद्धि कार्यक्रम संचालन गरिनेछ।
- व्यवसायिक रुपमा तरकारी ,फलफुल तथा पुष्प खेती गर्ने कृषकहरुलाई बिउ, विरुवा लगायत अन्य उत्पादन सामाग्री अनुदानमा उपलब्ध गराइनेछ।
- रामपुर नगरपालिकामा उत्पादन हुने आलु, आलु बिउ तथा तरकारी जन्य उपजलाई भण्डारण गर्ने र बेमौसममा बिक्रि वितरण गर्ने व्यवस्था मिलाईनेछ।

- कृषिको आधुनिकीकरण तथा व्यवसायीकरणको लागि कृषि प्रविधिहरु जस्तै साना कृषि औजार तथा उपकरण, प्लास्टिक टनेल, मलचिंग, नेट हाउस आदि जस्ता सामाग्रीमा अनुदान उपलब्ध गराइनेछ।
- साना सिचाई कार्यक्रम जस्तै प्लास्टिक पोखरी निर्माण, थोपा सिचाई, स्प्रिङकर आदि जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- रामपुर नगरपालिकालाई अण्डा, मासु, दुध र तरकारीमा क्रमशः आत्मनिर्भर बनाउँदै लगिनेछ ।
- कृषि व्यवसायमा प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरिनेछ । वातावरण मैत्री जैविक तथा वनस्पतिक विषादीको प्रयोगमा कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।
- प्याजको गानो उत्पादन तथा आलु खेतीलाई प्राथामिकता दिइनेछ ।
- एक वडा एक उत्पादन कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै कृषि तथा पशु सेवाका प्राविधिकहरुलाई गोठ तथा फर्ममा पुगी आवश्यक कृषि तथा पशुपंक्षी सम्बन्धि सेवा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।
- कोभिड-१९ बाट प्रभावित भइ बैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई कृषि तथा पशुपालन व्यवसाय संचालनमा प्रोत्साहन गरिनेछ ।
- युवा स्वरोजगार कार्यक्रम मार्फत ब्याज अनुदान दिने कार्यक्रमलाई १२ लाख बढाएर २० लाख सम्मको ऋणको ब्याज अनुदान दिइनेछ ।
- पशु विमा ,नश्ल सुधार तथा कृषि विमा कार्यक्रम संचालन गरिनेछ ।
- खुल्ला तथा अनियन्त्रित रुपमा छाडिएका चौपायाको व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।
- उत्पादनमा आधारित प्रोत्साहन अनुदानलाई यस आ.व. २०७८/७९ देखि लागु गरिनेछ । यस अन्तर्गत निश्चित मात्रामा बाख्राको मासु, दुध तथा अन्य कृषि उपज सहकारी मार्फत बिक्रि वितरणमा प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।
- नगरपालिकाका हरेक वडाहरुमा कम्तिमा १ वटा कृषि सहकारी वा अन्य सहकारी मार्फत रासायनिक मल बिक्रि वितरण गर्ने व्यवस्था मिलाईनेछ ।
- कृषक समूह तथा कृषि सहकारीहरुको खेत बारीमै गएर प्रयोगात्मक अभ्यास सहितको तालिम संचालनको व्यवस्था गरिनेछ ।
- हेफर इन्टरनेशनल संगको साझेदारी कार्यक्रमलाई निरन्तर दिनको लागि समपुरक बजेटको व्यवस्था गरिनेछ।

- बादरको समस्या रहेको क्षेत्रमा अदुवा/ बेसार, कागती तथा अन्य नगदेबालीलाई प्रोत्साहन गरिनेछ । साथै अदुवा/बेसारको पकेट क्षेत्र गराई विभिन्न प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।
- किसान सूचीकरण कार्यक्रम मार्फत रामपुर नगरपालिकाका सम्पुर्ण कृषकहरुको तथ्यांक संकलन गरिनेछ र सोहि अनुसार किसानको बर्गिकरण गरिनेछ ।
- कृषि उपजहरुको बजारीकरणको लागि कृषि सहकारीहरुलाई परिचालन गरिनेछ । तरकारी, दुध जस्ता कृषि उपजहरुको बजारीकरणको लागि ढुवानी साधन खरिद वा चिस्यान केन्द्र निर्माण वा कृषि उपजको विविधिकरणमा आवश्यक पर्ने सामाग्रीमा अनुदानको व्यवस्था गरिनेछ ।
- हाइटेक पोलिहाउसमा तरकारी खेती प्रदर्शन तथा तालिम कक्षको रुपमा संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- कोभिड-१९ को प्रकोप नियन्त्रणमा आएपछि विभिन्न कृषि उपजहरुको बजारीकरणको लागि कृषि मेला/महोत्सव आयोजना गरिनेछ ।
- कृषि तथा पशुजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न बालीहरुको बीउ प्रतिस्थापन दर वृद्धि गरिनेछ। सिंचित क्षेत्रफल बिस्तारका कार्यक्रम संचालनमा ल्याईनेछ ।
- कोभिडको कारण बाट मृत्यु भएका परिवारको सदस्यलाई व्यवसायिक कृषि तथा पशुपन्छीपालनमा अनुदान उपलब्ध गराइनेछ।
- पशु स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिईनेछ। पशु स्वास्थ्य शिविर तथा भ्याक्सिनेसन जस्ता कार्यलाई निरन्तरता दिईनेछ।
- दुग्धजन्य तथा मासुजन्य उत्पादक कृषकलाई उत्पादनको आधारमा अनुदान दिइनेछ।
- पशु सुत्केरी विमालाई निरन्तरता दिइनेछ।

ख) **पर्यटन**

- संस्कृति र समुदायमा आधारित होमस्टे सञ्चालन तथा प्रर्वद्धनका लागि क्षमता अभिवृद्धि, पूर्वाधार विकास र पहुँच विस्तार जस्ता कार्य सञ्चालन गर्न सहुलियत ऋणको व्यवस्था गरिनेछ ।
- आन्तरिक एवं वाह्य पर्यटक भित्र्याउन सहयोग पुग्ने खालका पर्यटकीय स्थलहरुको पहिचान, मनोरञ्जन पार्कको निर्माण ज्ञान पार्क, रिसोर्ट आदिको व्यवस्थापन गरिने छ ।
- वडा नं ७ को बाहुनडाँडामा र वडा नं १० को मगरेबाट प्याराग्लाईडिङ्ग तथा कालीगण्डकी नदीमा ऱ्याफ्टिङ साथै क्यानोइङ, साईक्लिङ, जस्ता साहसिक पर्यटनलाई सहयोग पुग्ने खालका पूर्वाधार विकास एवं प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

- वडा नं ३ को पवित्र धार्मिक क्षेत्र सिताकुण्डसम्म वडा नं ५ को बेझाड देखि राम्चे वन हुँदै पदमार्ग निर्माण गरिनेछ। सोका लागि यसै आर्थिक वर्षमा बजेट विनियोजन गरी कार्य प्रारम्भ गरिनेछ।
- निर्मित ऐतिहासिक पाटी ,पौवा, मठ, मन्दिर ,मस्जिद ,चर्च ,गुम्बा र झोलुङ्गे पुल लगायतलाई संरक्षण समिति गठन गरि संरक्षण र संवर्द्धन गरिनेछ ।
- नगरपालिका भित्र रहेका धार्मिक पर्यटकीय ठाँउहरु जस्तै वडा नं ३ सिताकुण्ड, वडा नं ६ तालपोखरा र गौशला, वडा नं. ८ सिद्दथान भुजात, लगायत अन्य धार्मिक एवं पर्यटकीय स्थलहरुलाई नगरपालिकाको मातहतमा सञ्चालन गरिनेछ।
- पर्यटन गन्तव्यहरुलाई एकीकृत गरी पर्यटन प्याकेजको निर्माण गरी पर्यटकलाई आकर्षित गर्ने नीति अवलम्वन गरिनेछ ।
- पर्यटकको उचित सेवा, सत्कार र सुरक्षा प्रवन्ध सहितको पर्यटकीय आवास व्यवस्थापन गर्न होटलहरुको न्यूनतम सेवा र गुणस्तर मापदण्ड निर्धारण गरिनेछ ।
- नगरको मुख्य पर्यटकीय केन्द्र तालपोखरा, धार्मिक पर्यटनमा गौशाला, पर्यावरणीय पर्यटनमा प्रस्तावित ज्यागदी बृहत पार्क तथा चिडीयाखाना लगायत अन्य पर्यटकीय केन्द्रको पहिचान गरी प्रर्वद्धन गरिनेछ।
- प्रमुख धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा चिनिने वडा नं २, कोटडाँडामा भ्यूटावर तथा दुर्गामन्दिर पुनःनिर्माणका लागी पहल गरिनेछ ।
- नगरमा रहेका धार्मिक एवं पर्यटकीय स्थलहरु सहित वातावरणीय तथा प्राकृतिक रुपमै सुन्दर रामघाट, राम मन्दिर, खैरेनीवन, टापुधाम,केलादीधाम, राम चुलो, सिताकुण्ड, तालपोखरा, सिद्धबाबा थान, सिद्धथान, गौशाला जस्ता पर्यटकीय तथा धार्मिक स्थलको स्तरोन्नती गरी आन्तरिक तथा वाह्य पर्यटकीयहरुलाई आकर्षित गर्ने गरी रा.न.पा. वडा नं ४ मा रहेको रानी गुफाको प्रचारप्रसार गरी त्यसको व्यवस्थापन गरिनेछ।
- भगवान राम—सीताको क्रिडाभूमि रामपुर क्षेत्रलाई रामायण सर्किटमा आबद्ध गर्न आवश्यक प्रयास गर्दै राम कथासँग सम्बन्धित क्षेत्र, मठमन्दिर, कुण्ड, नदी, ताल तलैया जोड्ने गरी रामायण सर्किटको विकास गर्न अध्ययन गरिनेछ । शालीग्राम जलले सुशोभित काली गण्डकी नदीमा नीजि क्षेत्रको सहकार्यमा ऱ्याफ्टिङ प्रतियोगिता सञ्चालन गरिनेछ ।
- कोभिड-१९ को संक्रमणको अवस्था सामान्य भएपछि यस आर्थिक वर्षमा होटल व्यवसायी, उद्योग वाणिज्य संघ र छिमेकी स्थानीय तहसँग समवन्य गरी दोस्रो पर्यटन महोत्सव सञ्चालन गर्न आवश्यक पहल गरिनेछ।

- सम्बन्धित निकायसँग समवन्य गरि कालीगण्डकी नदीमा मौसमी व्यवसायिक मत्स्यपालन एंव र्‍याफ्टिङ्क संभावनाको अध्ययन गरी सञ्चालन गर्न र शालीग्राम संग्रालयलाई स्तरोन्नती गर्दै वृहत पार्क बनाउन पहल गरिनेछ ।
- कालीगण्डकी नदीको संरक्षण गर्न र नदीलाई डाईभर्सन गर्नबाट जोगाउन स्थानीय पालिकासँग समन्वय गरी प्रदेश र केन्द्र सम्म दबाब दिन आवश्यक बजेट व्यवस्था गरिनेछ।

ग) **उद्योग**

- औद्योगिक क्षेत्र र विशेष आर्थिक साथै घरेलु तथा साना उद्योग क्षेत्रहरुमा आवश्यक पूर्वाधार विकासको लागि लगानी बढाइनेछ।
- स्थानीय स्रोत साधनको उपयोग गरी कृषि तथा गैरकृषि उत्पादन, प्रशोधन, रोजगारी सिर्जना र स्थानीय समृद्धिको आधारको रुपमा लघु, घरेलु, साना तथा मझौला उद्यमहरुलाई अभियानको रुपमा विस्तार गर्न अभिप्रेरित गरिनेछ।
- स्थानीय वस्तुको उपभोग र उत्पादनलाई प्रोत्साहन गरौ भन्ने अभियान सञ्चालन गरी कृषिजन्य वस्तुको प्रशोधन उद्योग स्थापना गर्न पहल गरिनेछ।
- वडा नं.७ विरेन्द्रटारमा रहेको संघीय सरकार र प्रदेश सरकारको सहभागिता र समन्वयमा औद्योगिक ग्रामको विकास गरी नीजि क्षेत्रको लगानी सहित उद्योगहरु सञ्चालन गरिनेछ।
- PPP मोडेलमा केवल कार, पार्क, सडक,उद्यान,जस्ता क्षेत्रहरुलाई प्रर्वद्धन गरी पर्यटन उद्योगलाई बढावा दिईनेछ।
- लगानी सम्मेलन गरी पर्याप्त लगानी भित्र्याउन पहल गर्ने, लगानी प्रवर्द्धनका लागि कर छुट तथा सहुलियतको व्यवस्था गर्ने तथा उद्योग तथा बाणिज्यमा एकद्वार प्रणालीको नीति अवलम्वन गरिनेछ।
- रामपुर मार्ट र होल्डिङ कम्पनीको स्थापना गरिने छ ।
- रामपुर नगरपालिकामा सञ्चालन गर्ने योजनाहरुको छनौट, सञ्चालन तथा वैदेशिक सहायता लगायतको खोजीका लागि विज्ञहरु संलग्न रहेको Expert Pool गठन गरिने छ ।
- बेरोजगारहरुको तथ्याङ्क अभिलेख व्यवस्थापन गरी स्वरोजगार तथा सिपमूलक कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ ।
- रोजगार उपलब्ध गराउने र स्थानीय उद्योगलाई कर छुट, अनुदान तथा सहुलियत ऋणको लागि सहजिकरण गरिनेछ ।
- विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सिपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तह भित्र उपलब्ध हुने

निर्माण सेवा व्यवसाय, उद्योग कृषि लगायत क्षेत्रमा रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ ।

घ) **सहकारी तथा अन्य वित्तीय क्षेत्र**

- नगर स्थित सहकारी संस्थाहरुको अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।
- सहकारीको माध्यमबाट स्थानीय स्रोत श्रम, साधन सिप र पूँजीको अधिकतम परिचालन गरी आर्थिक, सामाजिक रुपान्तरण गरिने छ ।
- प्रत्येक वडामा एउटा नमूना सहकारीको स्थापना र सञ्चालन गर्ने नीति अवलम्वन गरिने छ । हरेक गाउँमा उद्यम सहकारी/कृषि सहकारी र उपभोक्ता सहकारी स्थापनामा जोड दिईनेछ।
- सहकारीहरुको कार्य प्रकृति र क्षेत्र अनुसार क्रमशः मर्जरमा लैजाने नीति लिइनेछ।
- विभिन्न खालमा सहकारी शिक्षा, सहकारी व्यवसाय प्रर्वद्धन जस्ता सहकारी सम्वन्धी आवश्यक तालिम सञ्चालन गरिने नीति अवलम्वन गरिने छ ।
- सहकारी संस्थाको मापदण्ड कार्यान्वयन र नियमनमा विशेष जोड दिने नीति अवलम्वन गरिने छ ।
- सहकारीले मासिक रुपमा सहकारी शाखामा विवरण बुझाउनुपर्ने व्यवस्था गरिनेछ।
- नगरको नीति तथा कार्यक्रम अनुसारको योजना सहकारी तथा अन्य वित्तीय संस्थाहरुले प्राथामिकतामा राख्नुपर्ने नीतिलाई अवलम्वन गरिनेछ ।
- नगर स्थित सहकारी संस्थाहरु अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।
- स्थानीय सहकारीहरुलाई विधि सम्मत ढंगबाट सञ्चालन गर्न र नियमन गर्न सूचना प्रविधिमा आधारित एकिकृत तथ्याङ्क निर्माण र अद्यावधिक गरिनेछ ।

४. **सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र**

क. **प्रशासकीय सुशासन**

- नगरपालिकामा संचालन हुने कार्यक्रमहरुलाई अझ प्रभावकारी, पारदर्शी बनाउन सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, नागरिक अनुगमन, प्रगति समीक्षा, आन्तरिक लेखापरीक्षण मार्फत् सुशासनमा जोड दिइनेछ । सार्वजनिक सम्पत्ति, सार्वजनिक जग्गाको एकीकृत सम्पत्ति विवरण तयार गरिनेछ।
- कार्यालयबाट सम्पादन हुने कार्यलाई आधुनिक सूचना प्रणाली (Website) को माध्यमबाट सुसूचित गरिनेछ । सबै वडा र नगरपालिका बीच छिटो छरितो माध्यमबाट सूचना प्रवाह गर्ने

व्यवस्था मिलाईनेछ । नगरपालिकालाई सूचना मैत्री नगरपालिका बनाइनेछ । अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग गरिनेछ।

- जनतामा प्रवाह गरिने सेवालाई थप प्रभावकारी बनाउन सो कार्यमा संलग्न जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ । पदाधिकारी एवं कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक गोष्ठी, तालिम, प्रशिक्षण कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ। कर्मचारीहरुको मनोवल उच्च उपयुक्त वातावरण बनाउन पहल गरिनेछ। कर्मचारीका सेवा, शर्त, सुविधाका लागि कार्यविधि बनाई कर्मचारी मनोवल उच्च बनाइनेछ ।
- नगरपालिका तथा यस अन्तर्गतका वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवालाई छिटो छरितो र प्रभावकारी बनाउन सेवाग्राहीहरुका लागि सहायता कक्ष Help Desk निर्माण गरि आवश्यक निवेदन, सूचना तथा फोटोकपि निःशुल्क रुपमा प्रदान गरिनेछ ।
- भ्रष्टाचार विरुद्धको शून्य सहनशिलतो नीति अवलम्बन गरी सार्वजनिक प्रशासनमा सदाचार र इमानदारी प्रवर्द्धन गर्दै **"भ्रष्टाचार गर्दिनः गर्न पनि दिन्न"** अभियानलाई निरन्तरता दिइनेछ । सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी बनाई नगरपालिकालाई डिजिटल नगरको रुपमा विकास गर्न विद्युतिय सुशासन गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।
- भौगोलिक रुपले विकट तथा क्षेत्रफलका हिसावले ठूला वडामा सेवाग्राहीले सेवा लिन जाँदा घण्टौ समय लाग्ने हुँदा बेलाबेलामा कार्यालयले सम्पूर्ण सेवा सहितको घुम्ति शिविर सञ्चालन गरिनेछ ।
- जनप्रतिनिधि र कर्मचारीहरुको कार्य सम्पदान क्षमता अभिवृद्धिको लागि आवश्यक सिपमुलक तालिम, क्षमता अभिवृद्धि कार्यक्रम, शैक्षिक अध्ययन भ्रमणको व्यवस्था मिलाईनेछ ।
- Digital Notice Board/ Digital Citizen Charter Board जस्ता आधुनिक प्रविधिहरुको प्रयोग गर्ने व्यवस्था मिलाईनेछ।
- नगरपालिकाको काम कारवाहीमा सुशासन कायम गर्ने कार्यलाई विशेष प्राथामिकताका साथ लागु गरिनेछ । नगरपालिका प्रति नागरिकका गुनासा र उजुरी संकलन गरि तिनको यथासिघ्र सम्बोधन तथा व्यवस्थापन गर्न र नगरपालिकाका काम कारवाही र गतिविधि बारे नागरिकलाई सुसूचित गर्न जनतासँग नगरपालिका कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिकाले सञ्चालन गर्ने सेवा सुविधालाई गुणस्तरिय र प्रभावकारी बनाउन सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, जनप्रतिनिधिहरुसँग सम्वाद कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

- सबै वडाहरुमा टोल विकास संस्था, युवा क्लव लगायत सामाजिक संघ संस्था मार्फत महामारी रोगको सचेतना र क्षमता विकासमा विविध कार्यक्रमहरु लागु गरिनेछ ।
- **"हामीले तिरेको कर, नगर विकासको आधार"** भन्ने आदर्शलाई नगरवासीको चाहाना मुताविक अगाडी बढाइने नीति ल्याइनेछ ।
- नगरका गतिविधिहरुलाई नगरवासी समक्ष पुर्‍याउन नगर वुलेटिन प्रकाशन गरिनेछ।
- नगरपालिका भित्रका दर्ता चलानी तथा महत्वपूर्ण डकुमेन्टेशनलाई जोगाइ राख्नका लागि अफिस अटोमेशन प्रणालीलाई प्रयोगमा ल्याइनेछ ।
- सेवा प्रवाहलाई अझ व्यवस्थित, छिटोछरितो र सेवाग्राही मैत्री बनाउन कर्मचारीहरुमा **"रहरले काम गरौ हासेर सेवा गरौ"** भन्ने भावनाको विकास गरिनेछ ।
- नगरको भूगोल, प्रकृती, स्रोत साधन, क्षमता र संभावनाका सम्पूर्ण सूचना प्रणाली (GIS), House Hold Survey र तिनको Digitalized मार्फत सूचना प्रविधिमा आधारित बनाउने प्रयास गरिनेछ ।

ख. श्रम तथा रोजगार

- नगरपालिका भित्र रहेको रोजगार सेवा केन्द्रलाई सुदृढीकरण गर्दै श्रमिकहरुको सिप र क्षमताको उपयोग गर्दै रोजगारीको खोजिमा रहेका व्यक्तिहरुलाई रोजगारीको प्राप्तिमा सहयोग गर्ने तथा सबै प्रकारका श्रम शोषण अन्त्य गरिनेछ।
- सबै नगरवासीको जीवन सुरक्षित,मर्यादित तथा गुणस्तरीय बनाउनका लागी रोजगारीका अवसरहरु सिर्जना गरी कार्यान्वयन गरिनेछ।
- देशभित्र अनौपचारीक रोजगारीको हिस्सा करिब ८५ प्रतिशत रहेको स्थिति तथा वर्तमान विश्वव्यापी महामारीको अवस्थामा औपचारीक क्षेत्रको रोजगारीमा रहेका श्रमीकलाई समेत प्रत्यक्ष मर्का पारेको विषम परिस्थतिमा आर्थिक पुर्नउत्थान गर्न उर्जाशील श्रमशक्तिको लागी उद्यम व्यवसाय वा सेवा क्षेत्रमा रोजगार वा स्वरोजगारका लागि विभिन्न उत्पादनमूलक तालिममा जोड दिइनेछ ।
- युवा स्वरोजगार कार्यक्रमलाई आगामी वर्षमा पनि निरन्तरता दिइनेछ ।
- विदेशबाट काम सिकि आएका र कोरोना भाईरस (कोभिड-१९) को कारणले नेपाल फर्किएका युवाहरुलाई कृषि तथा उत्पादन मूलक क्षेत्रमा काम लगाउन प्रोत्साहन गरिनेछ।

ग. वन तथा वातावरण

- आवश्यक नीतिगत र कानूनी व्यवस्था गरी निर्माण सामाग्री तथा नदी कटान र वातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी नदीजन्य निर्माण सामाग्रीको सहज आपूर्ति हुने व्यवस्था मिलाईनेछ।

- सफा र हरियाली नगरपालिका निर्माणका लागि सडक छेउ सडकाधिकार क्षेत्र भन्दा बाहिर सुन्दर प्रजातिको रुख लगाउने, खोला खोल्सामा वृक्षारोपण, बाँस रोपण, रुख तथा बाँसद्धारा तटवन्धन, पाटी पौवा, सामुदायिक भवनको संरक्षण, खाली ठाँउमा वृक्षारोपण आदि कार्य गरिने छ ।
- घरको छत र वरण्डामा कौशि खेतीको शुरुवात गरी नगरलाई सफा र हरियो नगरको रुपमा विकास गरिनेछ ।
- कालीगण्डकी नदी र निस्दी खोलामा आधुनिक प्रविधि अपनाई वहुउपयोग र संरक्षण गरिने छ।
- वातावरण संरक्षणका लागि ईलाका वन कार्यालय, डिभिजन वन कार्यालय तथा प्रदेश सरकारसंग समन्वय गरी कार्य अगाडि बढाईने छ ।
- नगरपालिका क्षेत्रभित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मूल्यांकन र Bio Engineering को प्रविधि अवलम्बन गरिने छ ।
- वन कार्यालय तथा अन्य सम्वद्ध सरकारी तथा गैर सरकारी निकायहरुको साझेदारीमा नर्सरीहरुको स्थापना र विस्तार गरिने छ ।
- वन, चरनक्षेत्र, सिमसार र जैविक विविधता समेत सम्बोधन हुने गरी दिगो व्यवस्थापनका लागि जैविक स्रोत संरक्षण अभियानलाई प्राथमिकता दिइनेछ।
- उझाड एवं खाली जग्गा,सामुदायिक वन तथा सरकारी जग्गामा उत्कृष्ट खालका विरुवा वृक्षारोपण गरी हरियाली रामपुर नगरको अवधारणालाई पूर्णता दिदै जडीबुटी उत्पादनमा सहयोग पुऱ्याउन पहल गरिनेछ ।
- विभिन्न पार्कहरुमा फूलका विरुवाहरु रोप्ने काम यस वर्षबाट सुरुवात गरिनेछ ।
- नगरपालिकालाई वातावरणमैत्री नगरपालिका निर्माण गर्नका लागि एक घर दुई रुख तथा एक घर दुई गमला अभियानलाई निरन्तरता दिईनेछ ।
- वृक्षारोपण, हरियाली तथा हरित क्षेत्रको बिस्तारको लागि विषेश अभियान संचालन गरिनेछ।

घ. जलाधार तथा जलवायु

- जलाधार तथा सिमसार क्षेत्रको पहिचान गरी प्रभावकारी संरक्षणको व्यवस्था मिलाईने छ ।
- नदीजन्य पदार्थ जस्तैः ढुंगा, गिट्टी, बालुवाको आंकलन गरी निर्दिष्ट क्षेत्रहरुबाट त्यस्ता वस्तुमा उत्खनन, संकलन, प्रशोधन ओसारपसार र विक्रि वितरणलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ।

- जलवायु परिवर्तनबाट पर्ने प्रभाव न्यूनीकरण गर्न र जलवायु अनुकूलित प्रविधिको प्रयोग गरी कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्न जलवायुमैत्री नमुना कृषि कार्यक्रमको लागि अध्ययन अवलोकन गर्न व्यवस्था मिलाईनेछ।

ङ. सरसफाई /फोहोरमैला व्यवस्थापन

- फोहोरमैला प्रशोधनमा आधुनिक प्रविधि प्रयोग गरिनेछ। बजारको निश्चित दुरीमा शौचालय र अन्य सुविधा सहितको सेवा केन्द्र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।
- सार्वजनिक ढल व्यवस्थापन दिसाजन्य लेदो व्यवस्थापनका लागि प्रशोधन प्रणालीको स्थापना कार्य अगाडि बढाइनेछ।
- घर निर्माणको अनुमति प्रक्रिया उपयुक्त मापदण्डको शौचालय र सेफ्टी ट्यांकी निर्माणलाई अनिवार्य गरिनेछ।
- फोहोर मैला विर्सजन प्रशोधन व्यवस्थापन रहने मुख्य केन्द्र तथा संकलन विन्दु तय गर्दा वातावरण विग्रन नदीने गरी साइट छनौट गरिनेछ ।
- फोहोर उत्पादन कम गर्ने तथा पुर्नःप्रयोग गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- Fecal-Sludge Management (FSM) लाई व्यवस्थित र सुरक्षित गरी नीति निर्माण गर्ने श्रोतको रुपमा उपभोग गरिने छ।
- कालीगण्डकी नदीको सरसफाईमा विशेष ध्यान दिइने छ। नालाको पानी मिसाउदा सफा गरेर मात्र मिसाउने व्यवस्था गरिनेछ।
- सेप्टिक टेंकबाट निक्लेको फोहरलाई आफ्नै जग्गामा जैविक मल बनाउन प्रोत्साहन गरिनेछ।
- Zero Waste प्रणालीलाई अझ प्रभावकारी बनाई फोहोरबाट आधुनिक प्रविधि अपनाई वहुउपयोगी बनाइने छ। Plastic, Block, Bitumen तथा अन्य रिसाइक्लीन विधि अपनाइनेछ।
- नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्ने तर्फ अभियान अगाडि बढाईने छ ।
- तोकिएका मापदण्ड बाहेकका प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र प्लाष्टिकजन्य पदार्थ पुनः प्रयोगको नीति अवलम्बन गरिनेछ ।
- वडा भित्रको घना वस्तिहरुमा कुहिने र नकुहिने बस्तुहरुलाई छुट्याई राख्न डस्टविन/कन्टेनर वितरण गरिनेछ। संकलित फोहोरलाई नगरपालिकाको समन्वयमा प्रशोधन केन्द्रमा पठाइनेछ। टोल टोलमा क्लब, आमा समूहहरुलाई चोक, गल्ली बाटोहरुमा दैनिक सरसफाई गर्न प्रेरित गरिनेछ। कुहिने बस्तुहरुबाट सन्चालन हुने बृहत बायो ग्याँस प्लान्ट सन्चालन गर्ने तर्फ सकरात्मक पहल गरिनेछ ।

- "हाम्रो टोल, राम्रो र सफा टोल" भन्ने मूल मर्म बमोजिम आफ्नो टोलको सरसफाई एवं विकास सँग सम्बन्धित कार्यक्रम छनौट, सञ्चालन एवम व्यवस्थापन गर्दै आवश्यक सहयोग, सहजीकरण र अपनत्व सिर्जना गराउन टोल विकास संस्थालाई परिचालन गरिनेछ। सफल तथा उत्कृष्ट टोल विकास संस्थालाई पुरस्कृत गर्ने नीति लिइनेछ ।
- **"रामपुर नगर ढल रहित शहर"** लाई मूर्तरुप दिन सोहि बमोजिम भवन निर्माण लगायत अन्य सरसफाई कार्यक्रम सञ्चालन गरिनेछ।
- फोहोरको रुपमा फ्याकिने प्लाष्टिक जन्य वस्तुहरुको प्रयोग गरि हरित मार्ग निर्माण गरिनेछ।
- नहर, सडक तथा सार्वजनिक स्थानमा फोहोर फ्याक्नेलाई जरिवाना गर्ने व्यवस्था लागू गरिनेछ।
- दीर्घकालिन रुपमा फोहोरको प्रसोधन र पुर्नःप्रयोग गर्ने गरि निजि क्षेत्रसँग फोहोर व्यवस्थापन कार्यलाई अगाडि बढाईने छ।
- खोल्सा खोल्सी परेको भू-भागलाई फोहोर व्यवस्थापनका साथ पुर्न चाहेमा सम्बन्धित क्षेत्रको समुदायसंग समन्वय गरी पुर्ने कार्यमा सहयोग गरिनेछ।

च. प्रकोप नियन्त्रण र विपद व्यवस्थापन

- विपद र महामारीको पूर्व तयारी प्रति कार्यका लागि वडास्तरको समेत प्रतिनिधित्व हुने गरी प्रत्येक वर्ष टोली पुर्नगठन र क्रियाशिल गराइने छ।
- विपदको अवस्थामा तत्काल उद्धार लागि आवश्यक सामाग्री तथा सुरक्षित वासस्थानको व्यवस्थाको लागि बजेटको व्यवस्था गरिने छ।
- विपद व्यवस्थापनलाई प्रभावकारी बनाउनको लागि प्रत्येक वडामा उद्धार समितिको गठन गरी चालू आर्थिक वर्ष भित्रमा नै तालिम प्रदान गरिने छ। नगरभित्र हुने भूस्खलन, वाढी पहिरो, आगलागी, भूकम्प, आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृत्रिम विपत्तिबाट तुरुन्त राहत कार्य गर्न नगरपालिका, सशस्त्र प्रहरी नेपाल, नेपाल प्रहरी, र नेपाल रेडक्रससँग समन्वय गरी तुरुन्त प्राथमिक राहत र दीर्घकालीन योजना बनाउन न.पा.मा विपद व्यवस्थापन केन्द्र स्थापना गरिने छ ।
- विपद व्यवस्थापनका लागि अस्थायी Shelter को व्यवस्था गरिने नीति अवलम्वन गरिने छ।
- विपद व्यवस्थापन कार्यमा उद्धारको लागि सहजताको लागि प्रत्येक वडामा MI17 सम्मको हेलिकोप्टर बस्न सक्ने हेलिप्याडको निर्माण गरिने छ।
- बाढी पहिरो आगलागी जस्ता प्राकृतिक प्रकोपबाट प्रभावितलाई तत्काल राहत, औषधोपचार, खानपान लत्ताकपडा उपलव्ध गराउनको लागि तयारी गरिनेछ भने विपद् व्यवस्थापन कोषको बृद्धिको लागि सार्वजनिक नीजि र गैरसरकारी संस्थाहरु संग समन्वय गरिने छ ।

- कोभिड-१९ र सो बाहेकका सबै प्रकारका विपदको रोकथाम तथा न्यूनिकरणको लागि पूर्व तयारी, प्रतिकार्य र पुर्नःलाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा बजेटको व्यवस्था गरिनेछ ।
- हाल भएको विपद व्यावस्थापन कोषमा थप रकम जम्मा गरि सोही कोषबाट कोरोना भाईरस (Covid-19) को रोकथाम खर्च गरिनेछ।
- बिपद् जोखिमयुक्त नदीहरुमा पूर्व सूचना प्राप्त गर्न आधुनिक पूर्वसूचना प्रणाली जडान गर्न पहल गरिनेछ। विपद् व्यवस्थापनको सन्दर्भमा चटयाङ प्रतिरोधी अभियान, बर्षा, वायू तथा बाढीमापन कार्य एवम् पूर्वसूचना प्रणाली स्थापना, हेलिप्याड निर्माण जस्ता कार्यक्रम संचालन गर्ने कार्यलाई प्राथामिकता दिईनेछ।
- वासस्थानको लागि जोखिम स्थान जस्तै पहिरो जाने, बाढी आउने जस्ता क्षेत्रहरुलाई जोखिम क्षेत्र घोषणा गरिएको होर्डिङ्ग बोर्ड लगाईनेछ।

छ. मानव संसाधन विकास

- कर्मचारी क्षमता विकास गर्न आवश्यक तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- Right man in Right time in Right place का आधारमा कर्मचारी व्यवस्थापन मिलाईनेछ।
- कर्मचारीहरुलाई काम प्रति अभिप्रेरित गराई मनोवल उच्च राख्न विशेष प्रोत्साहनका कार्यक्रम लागू गरिनेछ।
- नगरपालिकाको प्रशासनिक तथा संगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त, विश्वसनियता, क्षमतायुक्त र प्रभावकारी बनाउदै अत्यावश्यक रिक्त दरवन्दीहरुमा उपयुक्त प्रक्रियाबाट पदपूर्ति गरिनेछ।
- सुशासन स्थापनाको लागि आवश्यक कानून, नियम, विनियमावली, कार्यविधि आदिको निर्माण गरी Chain of Command निर्माण गरिनेछ।
- नगरपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राहीमैत्री तुल्याउन व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिईने छ।
- नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई क्रमशः आवासको व्यवस्था मिलाईनेछ।
- नगरपालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिने छ।
- नगरपालिका भित्रका करार सेवामा रहेका सबै स्वास्थ्यकर्मी लगायत सबै कर्मचारीहरुको तलब न्यूनतम रु १५,०००/- गरिने छ।
- अन्य सेवा करारका कर्मचारीहरुको न्यूनतम तलबमा रु. २,०००/- वृद्धि गरिने छ।

- उत्कृष्ट कार्य गर्ने नगरपालिकाका कर्मचारी, करदाता, उपभोक्ता समिति, फोहरमैला व्यवस्थापन समिति, टोल विकास समिति, संचारकर्मीलाई पुरस्कृत गर्ने पद्धतिको थालनी गरी यसलाई निरन्तरता दिईने छ।

नगर उपप्रमुख तथा सभाका सदस्य ज्यूहरु

- नगरपालिकाको प्राप्त उपलब्धिलाई संस्थागत गर्दै आर्थिक, सामाजिक र सांस्कृतिक लगायतका सबै क्षेत्रको विकास गरी सामाजिक न्याय, समविकास, समन्यायिक, आर्थिक विकासबाट नगरपालिकाले लिएको ध्येय स्वच्छ, सभ्य, समृद्ध रामपुरवासी आकांक्षा पूरा गर्न नगरपालिकाको यो नीति तथा कार्यक्रम सहायकसिद्ध हुने विश्वास लिएको छु ।
- उपरोक्त नीति तथा कार्यक्रम माथि यस नगरसभामा उपस्थित हुनु भएका सदस्यहरुबाट प्रभावकारी कार्यान्वयनका लागि सल्लाह र सुझावको अपेक्षा गरेको छु ।
- नगरको समष्टिगत विकासको लागि सहयोग पुऱ्याउन हुने राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालय, प्रदेश मन्त्रालय, नेपाल सरकारका अन्य मन्त्रालय लगायत विकास साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।
- यो नीति तथा कार्यक्रम तर्जुमा गर्ने सिलसिलामा महत्वपूर्ण योगदान पुयाउनु हुने उपप्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका संयोजक एवं प्रतिनिधि, वडाअध्यक्ष, कार्यपालिका सदस्यहरु, वडासदस्यहरु, विषयगत शाखाका प्रमुख, साझेदार संस्था, गैसस, सञ्चारकर्मी, निजी क्षेत्र, सम्पूर्ण संघसस्था लगायत विभिन्न माध्यमबाट सुझाव उपलब्ध गराउन हुने शुभेच्छुक मित्रहरु, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुमा विशेष धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !!!

रमण बहादुर थापा
नगर प्रमुख